# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

**कार्यालयको नाम** : जिल्ला  विकास समितिको कार्यालय, उदयपुर ।

**आर्थिक वर्ष :** २०६८/०६९

**बजेट उपशीर्षक नं.**         **: विभिन्न**

**कार्यालय प्रमुख  :-** स्था.वि.अ. श्री गोपालकुमार अधिकारी

**लेखा प्रमुख   :-** ले.अ. श्री फईन्द्र कुमार श्रेष्ठ

**ले.अ.** :- श्री राजेन्द्र प्रसाद साह (RCIW)

## आर्थिक कारोबारको संक्षिप्त स्थिति

| वजेट उपशिर्षक नम्वर | गतवर्षको जिम्मेवारी | यस वर्षको आम्दानी | जम्मा आम्दानी | खर्च | बांकी |
|---|---|---|---|---|---|
| जि.वि.स.कोष | २००३०७३१।५६ | ४९७१५८७८२।५३ | ५१७१८९५१४।०९ | ४९७६८२८१८।८३ | १९५०६६९५।२६ |

उपर्यूक्त अनूसार आर्थिक कारोबारको कार्यालयले पेश गरेको श्रेस्ताको ईकाइगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र र आन्तरिक लेखापरीक्षण प्रतिवेदन समेतका आधारमा लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरुका सम्वन्धमा कार्यालयका सम्वन्धित पदाधिकारीहरुसँग मिति २०६९/८/३० मा छलफल गरी कायम हून आएका व्यहोराहरु निम्नानूसार रहेका छन् ।

| सि.नं. | भौ.नं./मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | **परिचय –** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३२ (२) बमोजिम जिल्ला विकास समिति, उदयपुर को आर्थिक वर्ष २०६८/६९ को लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन तयार गरिएको छ । | | | |
| १ | | **वजेट तथा वित्तीय व्यवस्थापन :** | | | |
| १.१ | | **आय–व्ययको स्थिति :** आ.व.२०६८/६९ को आय–व्ययको स्थिति निम्नानुसार रहेको छ । | | | |

| क्रसं. | आय | रकम | व्यय | रकम |
|---|---|---|---|---|
| १ | **गत सालको जिम्मेवारी** | २००३०७३१।५६ | **वजेट खर्च नेपाल सरकार** | |
| २ | **नेपाल सरकारको अनुदान** | ३७७८१४८५५।५९ | चालु खर्च | ३६८३३०७६५।५९ |
| | चालु | ३६८३३०७६५।५९ | पुजीगत खर्च | ९४८४०९०।०० |
| | पूंजिगत | ९५८४०९०।०० | अन्य खर्च | ११७२९९०७९।९६ |
| ३ | **आन्तरिक स्रोत** | | धरौटी खर्च | २५६८८८३।२८ |
| | (क) कर, दस्तुर, सेवा शुल्क र भाडा रु. | १३०७८२७९।८४ | मौज्दात | १९५०६६९५।२६ |
| | (ख) राजश्व बाँडफाँड रु. | ९५२१३६७५५ | | |
| ४ | अन्य श्रोतको आम्दानी | ८९४७६३६३।४६ | | |
| ५ | भारतीय सहयोग | ४१६९४०३।०० | | |
| ६ | धरौटी | ३०९८५१३।०९ | | |
| | **जम्मा :-** | **५१७१८९५१४।०९** | | **५१७१८९५१४।०९** |

| सि.नं. | भौ.नं./मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| १.२ | | उल्लेखित आय-व्यय विवरणमा वर्तमान विकेन्द्रीत व्यवस्था अनुसार जिल्ला स्थित (कृषि, शिक्षा, स्वास्थ्य र पशु) कार्यालयहरुलाई निकासा दिएको रु. :२९,८४,२१,७८२।३० समावेश भएको छैन । | | | |
| १.३ | | उल्लेखित आय-व्यय विवरणमा जिल्ला उर्जा तथा वातावरण इकाई र RCIW ब.शि.नं.३६५८०७३ समावेश छैन । छुट्टै शीर्षकगत व्यहोरा तर्फ रहेको छ । | | | |
| १.४ | | स्थानीय निकाय आ.प्र. नियमावली २०६४ को नियम ४३ (५) मा आर्थिक वर्षको आयमा बाँकी रहेको रकम आगामी वर्षमा जिम्मेवारी सार्नु पर्दछ भन्ने व्यवस्था छ । सोही नियम अनुसार गत वर्षको बाँकी मौज्दात रकम यस वर्ष जिम्मेवारी सारी लेखा व्यवस्थित बनाउनु पर्दछ  यसरी घटी/बढी जिम्मेवारी सार्नु पर्नेमा लेखा व्यवस्थापन चुस्त नहुने कारण हुन सक्दछ । जसले गर्दा लेखा हिसाब फरक पर्ने हुन्छ ।  गत लेखापरीक्षण प्रतिवेदनमा कोषको जिम्मेवारी रु **२,००,१७,२९३।५६** सरी आएकोमा यस बर्ष जिम्मेवारी रु **२,००,३०,७३१।५६** | | | |

| सि.नं. | भौ.नं./मिति | विवरण | रकम | फछ्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | सारेको छ। यसरी रु. **१३,४३८।-** गत वर्ष भन्दा बढी जिम्मेवारी सारेको रकम आम्दानी बाँधी हिसाब मिलान हुनुपर्ने रु. | १३,४३८.० | | |
| १.५ | | स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ६० बमोजिम अनुसूची २३ को ढाँचामा कार्यालयको प्रत्येक महिना बैंक हिसाब समायोजन विवरण तयार गर्नु पर्दछ । कार्यालयले चालु आ.व.का. अन्तसम्ममा श्रेस्ता अनुसार रु. **१,९५,०६,६९५।२६** र बैंक अनुसार रु. २,३७,१७,४५०।५४ मौज्दात बाँकी देखाएको छ। यसरी श्रेस्तामा भन्दा बैंकमा बढी रु.४२,१०,७५५।२८ ले. फरक परेको छ। कार्यालयले बैंक समायोजन हिसाव विवरण तयार गरेता पनि फरक पर्नाको कारणमा बैंक भौचर पेश हुन नआएको, चेक भुक्तानी हुन बाँकी बैंक दाखिला हुन बाँकी र उपभोक्ता श्रमदान वापतको धरौटी रकम रहेको कार्यालयले जनाएको छ। जसबाट बैंक मौज्दात बढी भएको अवस्था देखिन्छ । जसको प्रभाव कार्यालयको वित्तीय व्यवस्थापन कमजोर हुन जाने देखिन्छ । तसर्थ परक परेको रु. ४२१०७५५।२८ को स्पष्ट रुपमा  बैंक समायोजन हिसाव विवरण तयार गरी आम्दानी बाँध्न छुट रकम यकिन गरी श्रेस्तामा आम्दानी बाँध्नुपर्ने देखिएको रु. | ४२१०७५५.२८ | | |
| २ | | **आय व्ययको कार्यक्रमगत/शिर्षकगत अवस्था** | | | |
| २.१ | | उल्लेखित आयव्ययमा समावेश शिर्षकहरुको गत वर्षको जिम्मेवारी निकासा खर्च र बाँकीको अवस्था निम्नानुसार रहेको छ । | | | |

| सि. नं. | कार्यक्रमको नाम | गत वर्षको जिम्मेवारी | यस वर्षको आय | जम्मा | खर्च | बाँकी |
|---|---|---|---|---|---|---|
| १ | आन्तरिक श्रोत विविध आम्दानी | ११३४२३४।९५ | १३०७८२७९।८४ | १४२१२५१४।७९ | १४१००००० | ११२५१४।७९ |
| २ | राजश्व बाँडफाँड आम्दानी | १८१७५४७४२ | ९५२१३६७।५५ | ११३३८९१४।९७ | १११८८१६० | १५०७५४।९७ |
| ३ | आन्तरिक श्रोत विविध चालु खर्च | ० | ११०००००० | ११०००००० | १०७६१८६३।९ | २३८१३६।०७ |
| ४ | आन्तरिक श्रोत विविध पुँजिगत खर्च | ० | १३७५०००० | १३७५०००० | १३७४८२१५ | १७८५ |
| ५ | ग्रामीण सडक मर्मत सम्भार | ३७८६८०।५५ | ६०००००।० | ९७८६८०।५५ | १५८०००।० | ८२०६८०।५ |
| ६ | यूनिसेफ | ४०६३७६।० | ७७७९६३२।० | ८१८६००८।० | ६६७४५२७।० | १५११४८१। |
| ७ | जिल्ला स.सहजकर्ता | २४०००।० | ३६०००।० | ६००००।० | ६००००।० | ० |
| ८ | सडक वोर्ड नेपाल | ५६१४०५।१६ | ८१६६३९।० | १३७८०४४।१६ | ७१५३८३।० | ६६२६६१।१६ |
| ९ | सरसफाई विशेष कोष | ० | १९७५०० | १९७५०० | ३६५०० | १६१००० |
| १० | गाविस प्रशासनिक | ० | ६३६८७० | ६३६८७० | ६३६८७० | ० |
| ११ | वैदेशिक श्रोत | ५२०७२४१ | ३४२२५७२२।५३ | ३९४३२९६३।५३ | ३६५८०४०४।०३ | २८५२५५९।५ |
| १२ | कर्मचारी कल्याण कोष | ८४८६९।३३ | ३४४४७०७२२ | ३५२९५७६।५५ | ३४८८३०३ | ४१२७३।५५ |
| १३ | प्रकोप व्यवस्थापन | २८१६१८ | ११८०००० | १४६१६१८ | २५३६७७ | १२०७९४१ |
| १४ | महिला तथा वालवालिका | २२८२७९।६० | १३०००० | ३५८२७९।६० | २१६२१७ | १४२०६२।६ |

| सि.नं. | भौ.नं./मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १५ | वातावरण व्यवस्थापन | १९७७८३२ | २८६५४२४ | ४८४३२५६ | २८५८४१७ | १९८४८३९ |
| १६ | गरिवी निवारण कोष | २००००० | ० | २००००० | ० | २००००० |
| १७ | स्थानीय विकास कोष | ५००००० | १००००० | ६००००० | ० | ६००००० |
| १८ | ज्योति उमावि बेल्टार | १८६९४० | ४१६९४०३ | ४३५६३४३ | ३१३३९२४ | १२२२४१९ |
| १९ | संस्कृति प्रवर्धन का. | २४६५०० | ५५०००० | ७९६५०० | ६३२३२१ | १६४१७९ |
| २० | सि.ए.ए. | ११९०८५७।५६ | ३८६७८०३।१८ | ५०५८६६०।७४ | ४२५६९७७ | ८०१६८३।७४ |
| २१ | मानव संशाधन कोष | ५७६८५१ | ९०६५०० | १४८३३५१ | ० | १४८३३५१ |
| २२ | यू.एन.एफ.पि.ए. | ११२९६३२ | ६५०९५६५।५३ | ७६३९१९७।५३ | ७३०३७७१ | ३३५४२६।५३ |
| २३ | लघुउद्यम विकास को | ३९४७८४।७५ | ३८०००० | ७७४७८४।७५ | ४९५५५० | २७९२३४।७५ |
| २४ | धरौटी | ३५०३०८२।२४ | ३०९८५१३।०९ | ६६०१५९५।३३ | २५६८८८३।२८ | ४०३२७१२।०५ |
| २५ | गाविस अनुदान | ० | १०२९०२२०० | १०२९०२२०० | १०२९०२२०० | ० |
| २६ | जि.वि.स.अनुदान | ० | ४२२२७३४३।२० | ४२२२७३४३।२० | ४२२२७३४३।२० | ० |
| २७ | त्रि.न.पा.सहभागिता | ० | ५००००० | ५००००० | ० | ५००००० |
| | **कूल जम्मा :-** | **२००३०७३१।५६** | **२६४४७३४७०।१** | **२८४५०४२०१।७१** | **२६४९९७५०६।४१** | **१९५०६६९५।२६** |

२.२ विभिन्न वजेट उपशिर्षकमा नेपाल सरकारको अनुदान तथा विनियोजन तर्फको निकासा खर्चको स्थिती निम्नानुसार छ।

| सि. नं. | ब.उ.शि. नं. | कार्यक्रमको नाम | अख्तियारी रकम | निकासा | खर्च | पेश्की |
|---|---|---|---|---|---|---|
| १ | ३६५८०२३ | गाविस अनुदान | १११६६९००० | १०२९०२२०० | १०२९०२२०० | ० |
| २ | ३६५१०६३ | उपेक्षित, उत्पिडित र दलित वर्ग उत्थान | ४४०४०० | ४४०३८५ | ४४०३८५ | |
| ३ | ३६५८०१३ | जि.वि.स.अनुदान | ५०४२८८६९।९ | ४२२२७३४३।२ | ४२२२७३४३।२ | २४६६८४७ |
| ४ | ३६५०१५३ | सामाजिक सुरक्षा अनुदान | १००९१२००० | १००२९०२०० | १००२९०२०० | २१९१०१०० |
| ५ | ३६५८०८३ | स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम | ८०००००० | ७९२५७७८ | ७९२५७७८ | ९६००० |
| ६ | ३६५८०८४ | स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम | २०००००० | १९९७५७५ | १९९७५७५ | ० |
| ७ | ३६५०१६३ | स्थानीय पूर्वाधार विकास (साना सिंचाई) | २५०००००।० | २५०००००।० | २५०००००।० | ० |
| ८ | ३६५१०८३ | मधेशी-पिछडावर्ग र मुस्लिम उत्थान | ६००००० | ६००००० | ६००००० | १५०००० |
| ९ | ३६५८३१३ | स्थानीय स्तरका सडक, पुल तथा सामुदायिक पँहुच सुधार परियोजना | २५००००० | २४९७९२३ | २४९७९२३ | ० |
| १० | ३६५८०९३ | झो.पु.क्षेत्रगत कार्यक्रम | ५५३६००० | ५५२५४८२।४९ | ५५२५४८२।४९ | ० |

| सि.नं. | भौ.नं./मिति | विवरण | रकम | फछ्र्यौंटको विवरण | रकम |
|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | ३६५८०४३ | ग्रामीण खानेपानी तथा स.स.कार्यक्रम | ७५०१००० | ७४९६३९१ | ७४९६३९१ | ० |
| १२ | ३६५१०५३ | लोपोन्मुख/आदिवासी जनजाती उत्थान कार्यक्रम | २००००० | १४९७०० | १४९७०० | ६०००० |
| १३ | ३६५८१९३ | स्थानीय शासन तथा सामुदायिक विकास | २५७८६८०१ | २३८५१५७७ | २३८५१५७७ | ० |
| १४ | ३६५८१४४ | ग्रामिण पँहुच सुधार तथा विकेन्द्रिकरण परियोजना | ११२५०००।० | १०८६५१५।० | १०८६५१५।० | ४४०९०० |
| १५ | ३६५८१४३ | ग्रामिण पँहुच सुधार तथा विकेन्द्रिकरण परियोजना | ५५४५००००। | ५३१४७३१।२९ | ५३१४७३१।२९ | ८२२१००० |
| १६ | ३६५८१२३ | जनसहभागितामा आधारित विकास कार्यक्रम | ६५००००००।० | ६५००००००।० | ६५००००००।० | १५०।० |
| १७ | ३३७१०७४ | केन्द्रिय स्तरका सडक | ६४००००० | ६४०००००।० | ६४०००००।० | ९६०००।० |
| १८ | ३६५८२८३ | निर्वाचन क्षेत्र विकास का. | १२०००००० | १०९२९३२४ | १०९२९३२४ | ० |
| १९ | ३४३१०१ | यूवा तथा खेलकूद मन्त्रालय | ३६०००० | ३६००००।० | ३६००००।० | ० |
| २० | ३०८१०९३ | रोयल्टी व्यवस्थापन तथा वितरण | १३०००० | ० | ० | ० |
| २१ | ३४९१०५३ | शान्ति प्रकृया सहयोग आयोजना | १२५००० | १२५००० | १२५००० | ० |
| २२ | ३९११०५३ | राष्ट्रिय विकास स्वयंसेवक कार्यक्रम | २१९५००।० | २१४४५१।० | २१४४५१।० | ० |
| २३ | ६०१०१८३ | अर्थ बजेट औषधी उपचार | ३२८३२० | ३२८३२० | ३२८३२० | ० |
| २४ | ६०१०१४३ | अर्थ बजेट संचित विदा | २२१८७८ | २२१८७८ | २२१८७८ | ० |
| २५ | ३६५१०१३ | गुम्बा व्यवस्थापन | १००००० | ९७५०० | ९७५०० | ० |
| | | **जम्मा :-** | **४०१०३३७६८।९** | **३७७८१४८५५।५९** | **३७७८१४८५५।५९** | **३३४४०९९७** |

**<u>राजश्व तर्फ</u>**

| शिर्षक | असुली | दाखिला | बांकी |
|---|---|---|---|
| १५११२।- | ३६५६५७८।९४ | ३६५६५७८।९४ | ० |

| सि.नं. | भौ.नं./मिति | विवरण | रकम | फछ्र्यौंटको विवरण | रकम |
|---|---|---|---|---|---|
| ३ | | **पेश्की बाँकी :** स्थानीय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १९१ .(१) मा काम काजको निमित्त कम आर्थिक वर्षमा गएको पेश्की रकमको सोही आर्थिक वर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो फछ्र्यौट हुने बांकी रहेको पेश्की रकमको नामनामेसी सहितको के के वापत पेश्की गएको हो सो समेत खुलाई अर्को आर्थिक वष)मा जिम्मेवारी सारी प्रमाणित गर्नुपर्नेछ यसरी सारीएको पेश्की यस नियमावली बमोजिम फछ्र्यौट गर्नुपर्नेछ भन्ने व्यवस्था छ । कायांलयबाट पेश भएको विवरण अनुसार जिविस कोष तर्फ गत वषंको पेश्की जिम्मेवारी रु. ४२,८८,२८९।५८ रहेकोमा यस वर्ष रु. ३०,१९,८८३।७५ फछ्र्यौट देखाएको छ । | | | |

| सि.नं. | भौ.नं./मिति | विवरण | रकम | फछ्यौंटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | विगत वर्षको बाँकी रु. १२,६८,४०५।८३ मा यस आथिंक वर्षको अन्त्यसम्ममा पनि फछ्यौंट नभएको रु. ६४,०१,१४८।- समेत रु. ७६,६९,५५३।८३ पेश्की बाँकी रहेको छ। आ.व. को अन्तमा फछ्यौंट नभएको निम्नानुसार पेश्की स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १८२ र १९० बमोजिम आथिंक प्रशासन नियमावली बमोजिम फछ्यौंट गर्नु पर्ने रु. ............. | ६४,०१,१४८।- | | |

| सि. नं. | कार्यक्रम/व.शि.नं. | पेश्की बाँकी हुनेको नाम | प्रयोजन | म्याद नाघे/ननाघेको | फछ्यौट हुन बाँकी पेश्की | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सि.ए.ए. | कालीखोला विद्युत सिंचाई त्रिवेणी दुर्गा व. | निर्माण पेश्की | ननाघेको | १०८४६९०.० | संस्थागत |
| २ | सि.ए.ए. | तरकारी तथा फलफूल संकलन तथा विक्री उपआयोजना कटारी लिलाराज अधिकारी | निर्माण पेश्की | ननाघेको | १६९५१४२.० | संस्थागत |
| ३ | भारतीय दूतावास सहयोग | ठे.नेशनल सगरमाथा एन.आर.के.जे.भी. | निर्माण पेश्की | नाघेको | १५०००००.० | ठेकेदार |
| ४ | वातावरण व्यवस्थापन | प्रदुषण क्षेत्र विकास समिति | कार्यक्रम स.चालन | नाघेको | ४००००.० | संस्थागत |
| ५ | वातावरण व्यवस्थापन | त्रियुगाखोला कुलो मर्मत | कुलो मर्मत | नाघेको | ६६००.० | उ.स. |
| ६ | वातावरण व्यवस्थापन | शिव सन्तानेश्वर महादेव | मन्दिर निर्माण | नाघेको | २५०००.० | उ.स. |
| ७ | वातावरण व्यवस्थापन | तटबन्ध निर्माण ब्याङ्गी | नदि नियन्त्रण | नाघेको | ५००००.० | उ.स. |
| ८ | वातावरण व्यवस्थापन | त्रियुगाखोला तटबन्ध | नदि नियन्त्रण | नाघेको | ५६१००.० | उ.स. |
| ९ | वातावरण व्यवस्थापन | जनता मा.वि.श्रीपुर | भवन निर्माण | नाघेको | ६६६६६.० | उ.स. |
| १० | वातावरण व्यवस्थापन | खाल्डो पुर्ने निर्माण स. | निर्माण कार्य | नाघेको | ५०००.० | उ.स. |
| ११ | वातावरण व्यवस्थापन | वावा मन्दिर घेरावेरा | मन्दिर निर्माण | नाघेको | १०७५०.० | उ.स. |
| १२ | वातावरण व्यवस्थापन | पुल नं.१ र २ कुलो | कुलो मर्मत | नाघेको | ३१५००.० | उ.स. |
| १३ | वातावरण व्यवस्थापन | शौचालय निर्माण | सार्वजनिक निर्माण | नाघेको | १६५००.० | उ.स. |
| १४ | वातावरण व्यवस्थापन | विद्युत प्राधिकरण | विद्युत विस्तार | नाघेको | २०००००.० | उ.स. |
| १५ | प्रकोप व्यवस्थापन | गाविस रिस्कु | प्रकोप नियन्त्रण | नाघेको | २००००.० | संस्थागत |
| १६ | यूनिसेफ | रामकुमारी राई | तालिम संचालन | नाघेको | २००००.० | व्यक्तिगत |

| सि.नं. | भौ.नं./मिति | विवरण | | | | | | | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १७ | यूनिसेफ | तुलसी कुमारी जोशी | तालिम संचालन | नाघेको | १८०००.० | व्यक्तिगत | | | |
| | | १८ | यूनिसेफ | गाविस सुन्दरपुर | खुदिमु कार्यक्रम | नाघेको | १५००००.० | संस्थागत | | | |
| | | १९ | यूनिसेफ | कल्याणकारी वालविकास | कार्यक्रम संचालन | नाघेको | ६०००.० | संस्थागत | | | |
| | | २० | यूनिसेफ | हिमाली वालविकास | कार्यक्रम संचालन | नाघेको | ३००००.० | संस्थागत | | | |
| | | २१ | यूनिसेफ | लक्ष्मी वालविकास | कार्यक्रम संचालन | नाघेको | ३००००.० | संस्थागत | | | |
| | | २२ | जिविस कोष चालु | प्रह्लाद विश्वास | सेवा पेश्की | नाघेको | ५०००.० | व्यक्तिगत | | | |
| | | २३ | जिविस कोष चालु | विदुर कुमार राउत | परामर्श पेश्की | नाघेको | ३५००.० | व्यक्तिगत | | | |
| | | २४ | जिविस कोष चालु | गाविस वसाहा | कार्यक्रम संचालन | नाघेको | २००००.० | संस्थागत | | | |
| | | २५ | जिविस कोष चालु | गाविस हकहित | कार्यक्रम संचालन | नाघेको | १६०००.० | संस्थागत | | | |
| | | २६ | जिविस कोष चालु | इन्भाइरोमेन्ट सर्भिस प्रोभाईडर | परामर्श | नाघेको | २५३०४०.० | संस्थागत | | | |
| | | २७ | जिविस कोष आ.पूँजिगत | जयशंकर मल्लिक | दै.भ्र.भ. | नाघेको | २७००.० | व्यक्तिगत | | | |
| | | २८ | जिविस कोष आ.पूँजिगत | जयशंकर मल्लिक | दै.भ्र.भ. | नाघेको | २५००.० | व्यक्तिगत | | | |
| | | २९ | जिविस कोष आ.पूँजिगत | केदार प्र. दाहाल | कार्यक्रम संचालन | नाघेको | ७८०००.० | व्यक्तिगत | | | |
| | | ३० | जिविस कोष आ.पूँजिगत | रामाशिस साहा | दै.भ्र.भ. | नाघेको | ५००.० | व्यक्तिगत | | | |
| | | ३१ | जिविस कोष आ.पूँजिगत | लोक व. कार्की | कार्यक्रम संचालन | नाघेको | ५०००.० | व्यक्तिगत | | | |
| | | ३२ | जिविस कोष आ.पूँजिगत | गाविस रिस्कु | नदि नियन्त्रण | नाघेको | १०००००.० | संस्थागत | | | |
| | | ३३ | जिविस कोष आ.पूँजिगत | गाविस पञ्चावती | नदि नियन्त्रण | नाघेको | ५००००.० | संस्थागत | | | |
| | | ३४ | जिविस कोष आ.पूँजिगत | गाविस तपेश्वरी | नदि नियन्त्रण | नाघेको | १५००००.० | संस्थागत | | | |
| | | ३५ | जिविस कोष आ.पूँजिगत | गाविस चौदणी | नदि नियन्त्रण | नाघेको | ५००००.० | संस्थागत | | | |
| | | ३६ | जिविस कोष आ.पूँजिगत | गाविस जोगिदह | नदि नियन्त्रण | नाघेको | २५०००.० | संस्थागत | | | |
| | | ३७ | जिविस कोष आ.पूँजिगत | गाविस त्रिवेणी | नदि नियन्त्रण | नाघेको | ५००००.० | संस्थागत | | | |
| | | ३८ | जिविस कोष आ.पूँजिगत | गाविस वसाहा | नदि नियन्त्रण | नाघेको | ७५०००.० | संस्थागत | | | |
| | | ३९ | जिविस कोष आ.पूँजिगत | गाविस कटारी | नदि नियन्त्रण | नाघेको | ७५०००.० | संस्थागत | | | |
| | | ४० | जिविस कोष आ.पूँजिगत | गाविस हडिया | नदि नियन्त्रण | नाघेको | ७५०००.० | संस्थागत | | | |
| | | ४१ | जिविस कोष आ.पूँजिगत | गाविस रामपुर | नदि नियन्त्रण | नाघेको | ५००००.० | संस्थागत | | | |
| | | ४२ | जिविस कोष आ.पूँजिगत | गाविस सुन्दरपुर | नदि नियन्त्रण | नाघेको | ५००००.० | संस्थागत | | | |
| | | ४३ | जिविस कोष आ.पूँजिगत | रेडियो अमूर्त | रेडियो कार्यक्रम | नाघेको | २५०००.० | संस्थागत | | | |

| सि.नं. | भौ.नं./मिति | विवरण | रकम | फछ्यौंटको विवरण | रकम |
|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४४ | जिविस कोष आ.पूँजिगत | नेपाल अर्वुद रोग नि. | अनुगमन | नाघेको | ३५००.० | संस्थागत |
| ४५ | जिविस कोष आ.पूँजिगत | जिल्ला प्रशासन का. | कार्यक्रम संचालन | नाघेको | २००००.० | संस्थागत |
| ४६ | जिविस कोष आ.पूँजिगत | इन्भाइरोमेन्ट सर्भिस प्रोभाईडर | परामर्श | नाघेको | १५४४६०.० | संस्थागत |
| | | जम्मा :- | | | ६४०११४८.० | |

| सि.नं. | भौ.नं./मिति | विवरण | रकम | फछ्यौंटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | **पेश्की सम्वन्धमा देखिएका अन्य व्यहोराहरु** | | | |
| ३.१ | | कार्यालयवाट पेश भएको विवरण अनुसार जिविस कोष तथा नेपाल सरकारको अनुदान समेत (साविकमा केन्द्रीय) तपर्फको एकमुष्ट जम्मा गत वर्षको पेश्की जिम्मेवारी रु. ६,८८,४३,८२२।७९ रहेकोमा यस वर्ष ४,७९,४०,१२४।७५ फर्स्यौट देखाएको छ । विगत वर्षको बांकी रु. २,०९,०३,६९८।०४ मा यस आर्थिक वर्षको अन्त्य सम्ममा पनि फर्स्यौट नभएको रु. ४,११,५४,१४५।- समेत रु. ६,२०,५७,८४३।०४ पेश्की बांकी रहेको छ । | | | |
| ४ | | **<u>धरौटीतर्फ</u> :**<br>स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १७९(३) मा सम्बन्धित स्थानीय निकायले धरौटीको लेखा अद्यावधिक राख्न एक आर्थिक वर्षमा बांकी रहेको धरौटी अर्को आर्थिक वर्षमा जिम्मेवारी सानुपर्नेछ भन्ने उल्लेख छ । गतवषंको जिम्मेवारी रु. ३५,०३,०८२।२४ र यो वर्षको प्राप्त भएको रु. ३०,९८,५१३।०९ समेत यो वर्ष रु. ६६,०१,५९५।३३ जम्मा भएकोमा रु. २५,६८,८८३।२८ सदरस्याहा फिर्ता भई ४०,३२,७१२।०५ धरौटी बाँकी रहेको छ । | | | |
| ४.१ | | स्थानीय निकाय आ.प्र.नियमावली, २०६४ को नियम १७८ को उपनियम ३ मा धरौटी श्रेस्तामा आम्दानी नजनिएको तर वैंक खातामा जम्मा भएको रकमको सम्वन्धमा सम्वन्धित व्यक्तीवाट रकम दाखील भएको ९० दिन भित्र दाखिला प्रमाण पेश हुन नआएमा त्यस्तो रकम नियम १७५ वमोजिम आम्दानी गरी स्थानीय निकायको कोष (DDF Fund) मा दाखीला हुनुपर्ने व्वस्था छ । श्रेस्तानुसार धरौटी वांकी रु. ४०,३२,७१२।०५ र वैंक अनुसार बांकी रु. ४७,४६,४५१।४१ रहेको पाइयो । बैंक मौज्दात बढी देखिएको रकम रु.७,१३,७३९।३६ गत आ.व.देखि नै भौचर पेश नभएकोले फरक परेको कारण श्रेस्ताको मौज्दात न्यून हुन गएको देखिन्छ । तसर्थ श्रेस्ता भन्दा बैंक मौज्दात बढी रहेको रु.७,१३,७३९।३६ आम्दानी बाँधी हिसाव मिलान हुनुपर्दछ । | | | |
| ५ | | **योजनाको स्थिति**<br>**योजना हस्तान्तरण –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ (५) (ज) को प्रावधान अनुरुप उपभोक्ता समितिले जिम्मा लिएको कार्य सम्पन्न भएपछि सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ ।<br>कार्यालयबाट प्राप्त विवरण अनुसार यस वर्ष संचालित कार्यक्रम मध्ये निम्नानुसारका योजना सम्पन्न भई हस्तान्तरण | | | |

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं./मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>नभएको देखिन्छ ।
<table>
<tr><th>योजना विवरण</th><th>कुल योजना</th><th>सम्पन्न</th><th>हस्तान्तरण</th><th>निर्माणाधीन</th><th>कैफियत</th></tr>
<tr><td>१. खानेपानी</td><td>१२</td><td>९</td><td>०</td><td>३</td><td></td></tr>
<tr><td>२. सिंचाइ</td><td>१०</td><td>१०</td><td>०</td><td>०</td><td></td></tr>
<tr><td>३. सडक</td><td>९९</td><td>९५</td><td>०</td><td>४</td><td></td></tr>
<tr><td>४. भवन</td><td>४९</td><td>४८</td><td>०</td><td>१</td><td></td></tr>
<tr><td>५. विविध</td><td>१२२</td><td>१२२</td><td>०</td><td>०</td><td></td></tr>
<tr><td>जम्मा:</td><td>२९२</td><td>२८४</td><td>०</td><td>८</td><td></td></tr>
</table></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td>आर्थिक बर्षको अन्त्यसम्ममा पनि लक्षित योजनाहरु सम्पन्न हुन नसक्नु तथा सम्बन्धित लाभग्राही समुहलाई योजना हस्तान्तरण हुन नसक्नुमा समयमै बजेट निकासा नहुनु, आर्थिक वर्षको अन्त्यमा योजना सम्झौता गरिनु नै प्रमुख कारण देखिन्छ । यसरी समयमै योजना सम्पन्न नगरिंदा योजनाको लागत बढ्न जाने, योजनाको प्रभावकारितामा ह्रास आउने, योजनाको गुणस्तरमा प्रभाव पार्ने र सम्पन्न योजनाहरु हस्तान्तरण हुन नसक्दा उक्त योजनाहरुको मर्मत सम्भार, रेखदेख तथा स्वामीत्व जिम्मेवारी कसले लिने भन्ने सम्बन्धमा विवाद हुने अवस्था देखिन्छ । कार्यालयले समयमै बजेट विनियोजन गरी समयमै कार्य सम्पन्न गर्ने, सम्पन्न योजनाहरु कानून अनुसार सम्बन्धित लाभग्राही समूहलाई हस्तान्तरण गरी सम्बन्धित लाभग्राही समूहलाई विकासमा साझेदार, जिम्मेवार तथा योजनाको मर्मत सम्भार रेखदेखमा जिम्मेवार बनाई योजनाको दिगोपन स्थापित गर्नुपर्दछ ।</td><td></td><td></td><td></td></tr>
<tr><td>६</td><td></td><td><u>प्रशासनिक खर्च</u> :<br>स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५५ मा स्वीकृत वजेटको परिधिभित्र रही जिल्ला विकास समितिले कर, शूल्क, सेवा शूल्क, दस्तूर र भाडावाट उठाएको कूल रकमको वार्षिक क्रमशः रु.२५ लाखसम्म, रु. २५ देखि ५० लाखसम्म, रु. ५० लाखदेखि रु. १ करोडसम्म र रु.१ करोडभन्दा बढी वार्षिक आय हूने जिल्ला विकास समितिले क्रमशः ६०, ४०, ३० प्रतिशत र अधिकतम २५ प्रतिशतसम्म प्रशासनिक कामको लागि खर्च गर्न पाउने व्यवस्था छ । जिल्ला विकास समितिले यस वर्ष कर दस्तूर, सेवा शूल्क भाडा आदिबाट भएको असूली रु.१,१०,००,०००।- को २५ प्रतिशतमात्र रु. २७,५०,०००।- खर्च गर्नूपर्नेमा रु.१,०६,२५,४३८।९३ खर्च गरेकोले नियममा तोकिएको सीमाभन्दा रु. ७८,७५,४३८।९३ बढी खर्च भएको छ । कायालयले प्रशासनिक खर्चमा मितव्ययिता नअपनाएको कारण प्रशासनिक खर्चमा नियमले तोकेभन्दा बढी हुन गएको देखिन्छ । नियमावलीको पालना नगर्दा कार्यालयको वित्तीय व्यवस्थापन कमजोर देखिन जाने र विकास कार्यमा श्रोतको कमी हुन जाने स्थिति देखिन्छ । तसर्थ, कार्यालयले नियममा तोकेभन्दा बढी खर्च गरेको रु.७८,७५,४३८।९३ नियम सम्मत भएको नदेखिएको रु.</td><td>७८,७५,४३८/९३</td><td></td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं./मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | ***लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनको मस्यौदा उपरको छलफलको क्रममा आन्तरिक आयश्रोत कमी भएको कारणले तलब भत्ता लगायतका खर्च धान्न नसक्दा प्रशासनिक खर्च जिविसको सीमाभित्र राखेर नियन्त्रण गर्न नसकेको कार्यालयको भनाई रहेको छ ।*** | | | |
| ७ | | **अवण्डा राखी खर्च :–** जिल्ला विकास समिति अनुदान संचालन कार्यविधि २०६७ को वुंदा १२ (ज) मा जिल्ला विकास कोषको पूंजिगत वजेट जिल्ला परिषद्वाट वांडपफांड गर्दा अवण्डा राखी पछि वांडफांड गर्न नपाईने उल्लेख छ । जिल्ला परिषद्वाट आर्थिक वर्ष ०६८/६९ को लागि आन्तरीक श्रोत पूंजिगत वजेट तर्फ कुल मध्ये नदि नियन्त्रण तर्फ रु.१०,००,०००।- अवण्डामा राखी २०६९/१/१७ को निर्णयले विभिन्न ४ गाविस र १ न.पा.मा ८ वटा खोला तोकेरै रु.४,००,०००।- र ६ वटा गाविसमा स्थान नतोकी रु.३,००,०००।- र मिति ०६९/२/२ को निर्णयले त्रि.न.पा.को २ स्थानमा (योजना तोकेर) रु.८२,५००।- गरी जम्मा रु.७,८२,५००।- अवण्डा राखेको बजेटबाट वोर्ड वैठकको निर्णयले खर्च गरेको पाईयो । जिल्ला परिषद्बाटै वोर्ड वैठकबाट निर्णय हुने गरी कार्यविधिको पालना नगरी बजेट वाँडफाँड गरेको कारण अवण्डा रहेको देखिन्छ । अवण्डा शीर्षकमा रकम विनियोजन गर्दा पहुंच र प्रभावका आधारमा कार्यक्रमहरु सञ्चालन हुने, कुनै कार्यक्रममा आवश्यकताभन्दा बढी रकम खर्च हुनसक्ने र कुनैमा बजेटको अभाव भई कार्यक्रम नै अधुरो हुन सक्ने अवस्था रहन्छ ।<br>जिल्ला परिषद्बाटै कार्यक्रमगत रुपमा बजेट बांडफांट गरी लक्षित कार्यक्रमहरु समयमै सम्झौता गरी कार्यान्वयन हुने, पहुंच र प्रभावका आधारमा कार्यक्रम सञ्चालन नहुने, कार्यक्रम सञ्चालन गर्दा बजेटको सुनिश्चितता गर्न अवण्डा शिर्षकमा बजेट एकमुष्ट राख्ने प्रणालीको अन्त्य हुनु जरुरी छ । यसरी अवण्डामा राखी वोर्ड बैठकबाट निर्णय गरी खर्च गरेको रु.७,८२,५००।- जिल्ला परिषद्बाट अनुमोदन गरेको प्रमाण पेश हुनुपर्ने रु. ..........................<br>***लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनको मस्यौदा उपरको छलफलको क्रममा धेरै वटा नदिहरु भएको तर श्रोतको न्यूनताका कारण बाढी तथा क्षतिको अवस्था हो, अत्यावश्यकमा मात्र खर्च गर्नुपर्ने भएकाले अवण्डा राख्नु परेको भनाई रहेको छ ।*** | ७८२५००/० | | |
| ८ | | **आयोजना लगत खाता नराखेको** : जिल्ला विकास समिति अनुदान संचालन कार्यविधि २०६७ को २१ (ण) मा रु.३ लाख लागत भन्दा माथिका आयोजनाको अनुसूची १६ वमोजिम आयोजनाको तगत खाता र अनुसूची १७ बमोजिम योजना खाता राख्नुपर्ने उल्लेख छ । कार्यविधिमा उललेख गरे वमोजिमको ढाँचामा विवरण खुल्ने गरी कार्यालयले आयोजनागत लगत खाता र योजना खाता राखेको पाईएन । आयोजनाको लगत राख्न कार्यालयले तत्परता नदेखाएको कारण यस्तो खाता नरहेको र आयोजनागत लगत किताव नभएको कारण तोकिएका योजनाहरुमा भएको विनियोजनको सम्वन्धमा कार्यक्रमगत रुपमा भिडान गर्न सकिएन । यकै योजनामा विभिन्न शीर्षकहरुबाट बजेट विनियोजन हुने तर आयोजना लगत र योजनागत खाता नहँदा आन्तरीक नियन्त्रण प्रभावकारी नहुन देखिन्छ । कार्यविधिमा उल्लेख गरेबमोजिमको ढाँचामा आयोजना लगत र योजना खाताको व्यवस्था गर्न कार्यालयको ध्यानजानुपर्ने देखिन्छ । | | | |

| सि.नं. | भौ.नं./मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| ९ | | **अन्य कार्यालयको खर्च :** आर्थिक कार्यविधि ऐ.न २०५५ को दफा ६ मा मातहत कार्यालयको लागि तालुक मन्त्रालय/विभागवाट रकम खर्च गर्ने अख्तियारी दिने र मातहतका कार्यालयले तालुक कार्यालयवाट प्राप्त अख्तियारीको सिमा भित्र रहेर खर्च गर्नुपर्ने उल्लेख छ । नमुना छनौटको अधारमा लेखापरीक्षण गर्दा निम्नानुसार छुट्टै अस्तित्व र वजेट व्यवस्था भएका जिल्ला स्थित अन्य कार्यालयको खर्च यस कार्यालयले व्यहोरेको पाइयो । यसरी छुट्टै अस्तित्वका अन्य कार्यालवाट भएको खर्च रु. ५६६५००।– यस कार्यालयवाट व्यहोंदा कार्यालयको वजेट व्यवस्थापनमा चाप पर्ने, कार्यालयले प्रदान गर्ने सेवाप्रवाहमा असर पर्ने र अख्तियारीको सिमा भित्र नपर्ने हुनाले अनियमित देखिएको रु. | ५६६५००/०० | | |

| सि.नं. | खर्च व्यहोरेको वजेट शिर्षक/कार्यक्रम | खर्च व्यहोरिएको कार्यालय | खर्चको प्रयोजन | खर्च विवरण | खर्च रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | जिविस कोष पूंजिगत | जि.पशु कार्यालय, उदयपुर | नश्ल सुधार | विभिन्न सामाग्री खरिद | ९१,५००.० | कृषि, पशु सम्बन्धि कार्यक्रम खर्च |
| २ | जिविस कोष पूंजिगत | जि.कृषि कार्यालय | वगर खेति राहत कार्यक्रम | रुद्राक्ष, परवल, विउविजन खरिद<br>अलैंचि लगायत विउविजन वितरण | ७५०००.००<br>२०००००.० | कृषि सम्बन्धी कार्यक्रमबाट<br>,, ,, |
| ३ | जिविस अनुदान | जिल्ला कृषि विकास कार्यालय | अदुवा, वेसार खेती<br>अमिलो जातको फलफूल | तालिम तथा विउ खरिद<br>विरुवा खरिद र वितरण | २०००००.०<br>१०००००.० | कृषि सम्बन्धी कार्यक्रमबाट<br>,, ,, |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | जम्मा | ५६६५००/०० | |

| सि.नं. | भौ.नं./मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| १० | | **<u>चौमासिक पूंजिगत खर्च :</u>**<br>अर्थ मन्त्रालयको च.नं. १२७८ मिति २०६९।२।२२ को पत्रानुसार म.ले.नि.का.लाई आर्थिक वर्षका बैशाख देखि अषाढसम्म | | | |

| सि.नं. | भौ.नं./मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|

बार्षिक विनियोजनको ४०% र असाढ महिनामा बार्षिक विनियोजनको २०% भन्दा बढी खर्च गर्न पाइने छैन भन्ने व्यवस्था छ।

कार्यालयको चौमासिक खर्चको अवस्था निम्नानुसार छ :

| क्र. स. | बजेट उपशीर्षक | कुल खर्च | चौमासिक खर्च | | | अषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोश्रो चौमासिक | तेश्रो चौमासिक | |
| १ | ३६५८०८३ | १९९७५७५ | ० | ६४४००० | १३५३५७५ | १३६५७५ |
| २ | ३६५८१४४ | १०८६५१५ | ० | ६२६३७ | १०२३८७८ | १०१५१५३ |
| ३ | ३३७१०७४ | ६०९११५४ | ० | ० | ६०९११५४ | ४३२८०८८ |
| | जम्मा : | ९१७५२४४ | ० | ७०६६३७ | ८४६८६०७ | ५४७९८१६ |

उल्लेखित खर्च अवस्थालाई हेर्दा कूल खर्च रु. **९१,७५,२४४।-** मा प्रथम चौमासिकमा **शुन्य** प्रतिशत खर्च, दोश्रो चौमासिकमा कूल खर्चको **७.७०** प्रतिशत, तेश्रो चौमासिकमा कूल खर्चको ९२.२९ प्रतिशत खर्च र आषाढ महिनामा मात्र **५९.७२** प्रतिशत खर्च भएको छ । यसरी चौमासिक खर्च अनुपात विचमा यस्ता भिन्नता हुनुमा तालुक निकायले ढिलो अख्तियारी एवं निकासा फुकुवा गर्ने तथा कार्यालयले कार्यतालिका एवं कार्य योजना बनाई कार्यक्रम संचालन एवं खर्च गर्न नसक्नु देखिन्छ । यसको प्रभावन आर्थिक वर्षको अन्त्यमा हतारमा कार्यक्रमहरु संचालन हुने, तिनिहरुको प्रभावकारी अनुगमन कार्यालयले गर्न नसक्ने र अन्ततः संचालित योजना तथा कार्यक्रमको प्रभावकारीता न्यून हुने देखिन्छ । आर्थिक वर्षको अन्त्यमा उच्च खर्च गर्ने अवस्थामा सुधार हुनुपर्दछ ।

***लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनको मस्यौदा उपरको छलफलको क्रममा उ.स.गठनमा हुने विवाद लगायतका कारणले समयमा कार्यहुन नसक्दा चौमासिक पूँजिगत खर्चको अनुपात फरक देखिन गएको कार्यालयको भनाई रहेको छ ।***

११ **सार्वजनिक खरिद तथा ठेक्का व्यवस्थापन :**

आर्थिक कार्यविधि नियमावली २०६४ मा कुनैपनि कार्यक्रम सञ्चालन गर्दा कार्ययोजना बनाई सोही बमोजिम कार्यगर्नुपर्ने उल्लेख छ । लेखापरीक्षणलाई प्राप्त विवरण तथा नमूना छनौटको रुपमा परिक्षण गर्दा नेपाल सरकारबाट विभिन्न ब.उ.शि.नं. अन्तर्गत कार्यक्रम संचालन दिएको शशर्त अनुदान अन्तर्गत संचालित योजनाहरु र सि.ए.ए.बाट प्राप्त अनुदानबाट चालु आ.व.०६८/६९ को अन्त्य सम्म सम्पन्न नभई बाँकी रहेका योजनाहरु निम्नानुसार रहेको पाईयो ।

उल्लेखित अवस्था समेतलाई विश्लेषण गर्दा लेखापरीक्षणवाट निम्नानुसार पाइयो ।

| सि.नं. | भौ.नं./मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | | | | |

| क्र.स. | योजनाको नाम | व.शि.नं./ कार्यक्रमको नाम | निर्माण व्यवसायीको नाम | लागत अनुमान | सम्झौता रकम | सम्पन्न हुनपर्ने मिति | वर्तमान अवस्था |
|---|---|---|---|---|---|---|---|
| १ | ज्योती उ.मा.वि. भवन निर्माण | भारतीय दूतावास सहयोग | श्री नेशनलासगरमाथा। एन.आर.के. | १८५०३९६५।७५ | १७९६६२५४।८६ | ०६९।३।३१ | सम्पन्न हुने अवस्था |
| २ | आदिवासी जनजाती भवन | जि.वि.स.पूजिगत अनुदान लक्षित कार्यक्रम | आदिवासी जनजाती महासंघ जिल्ला समिति,उदयपुर | १६२८७८५।०० | १६२८७८५।०० | २०६९।५।२४ | सम्पन्न हुने अवस्था |
| ३. | छौडिया खोला आरसिसि पुल | स्थानीय पुल कार्यक्रम | लोकप्रिय निर्माण सेवा | १५४३८,४२७।८५ | १२६७९९९८।६९ | २०६९।५।८ | अधुरो |
| ४. | तावा वैधनाथ खोलादोभान झो.पु. | आरएआईडिपि | निलगिरी वहादुरथिंङ जे.भि. | ७८१७३७५।६७ | ७८०९९९९।५२ | सन्२०१२।१०।१६ | वर्तमान अवस्थामा सम्पन्न हुन सक्ने देखिएको। |
| ५. | गाइघाट फत्तेपुर सडक (मोतिगडा जोगीदह खण्ड | आरएआईडिपि | अमर कन्स्ट्रक्सन | ३४४०७९०७।४७ | १८५१६९७२।४३ | २०७०।४।२५ | नयां काम भइरहेको |
| ६. | कटारी वाहुनीटार सडक (स्लाइस–१) | आरएआईडिपि | शंकरमालि निर्माण सेवा | २२४२१०९६।२६ | १२७०९६४९।०९ | २०७०।४।२५ | नयां काम भइरहेको |
| ७ | कटारी वाहुनीटार सडक (स्लाइस–२) | आरएआईडिपि | रौताहा कन्स्ट्रक्सन | २२०८२५११।८१ | १६७७८८०४।२२ | २०७०।४।२६ | नयां काम भइरहेको |
| ८. | बेतेनी–माझखर्क पुवारे भन्ज्याङ्ग सडक | आरएआईडिपि | बज्रगुरु/सुर्य जिवन जे.भी. | २४६५५८९२।९५ | १८२६९२५१।५० | २०७०।३।१८ | नयां काम भइरहेको |
| ९. | बैधनाथ खोला आरसिसि पुल | आरएआईडिपि | रायमाझी कस्ट्रक्सन | २६३०७१।२८।७६ | २०७०९५८६।११ | २०७०।४।२२ | नयां काम भइरहेको |
| १० | तरकारी तथा फलफूल बिक्री केन्द्र कटारी | सि.ए.ए. | उ.स. | ५९७८८९१।६० | ५९७८८९१।६० | २०६९।८।२० | सम्पन्न हुने अवस्था |
| ११ | लिफ्ट सिंचाई त्रिवेणी | सि.ए.ए. | उ.स. | ३७७५५३९।२६ | ३७७५५३९।२६ | २०६९।८।२० | सम्पन्न हुने अवस्था |

| सि.नं. | भौ.नं./मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | १२ \| शिशाघारी कजवे ,कटारी \| सि.ए.ए. \| उ.स. \| १५३४६९२९० \| १५३४६९२९० \| २०६९।१०।२७ \| सम्पन्न हुने अवस्था<br>यस सम्बन्धमा लेखापरीक्षणबाट देखिएका व्यहोराहरु निम्नानुसार छन् । | | | |
| ११.१ | | उल्लेखीत अवस्थालाई हेर्दा छौंडियाखोला आर.सि.सि.पूल निर्माणमा ढिलाई हुनुमा डिजाईन परिवर्तन निर्माण व्यवशायीको व्यवस्थापनको कमजोरी हुन तावा-बैद्यनाथ दोभान खोला झो.पु.को निर्माण ढिलाई हुनुमा काम सम्पन्न गर्न लामो समय लाग्ने भएता पनि सुरुमा सम्झौता गर्दा म्याद कम दिएको सि.ए.ए.को आर्थिक सहयोगमा संचालित मध्ये तरकारी तथा फलफूल विक्री केन्द्र कटारी र लिफ्ट सिंचाई त्रिवेणी निर्माण गर्ने कामको म्याद कम भएको सिसाघारी कजवे कटारीको व्यवस्थापनको कमजोरीको कारण आर.ए.आई.डि.पी कार्यक्रमबाट संचालित योजना शुरु भएका निर्माण अवधि बाँकी रहेकोले अधुरा देखिन्छन् । यसरी विविध कारणबाट योजना सम्पन्न हुन ढिलाई हुँद योजनाहरुको लागत बढ्ने, लाभग्राहीले समयमा लगानीको प्रतिफल प्राप्त गर्न नसक्ने देखिन्छ । सम्झौताका शर्तहरु बमोजिम समयमा योजनाहरु सम्पन्न गर्न सरोकारवाला पक्षहरुको ध्यान पुग्नुपर्ने देखिन्छ । | | | |
| ११.२ | | आर.ए.आई.डि.पी. अन्तर्गत संचालित योजनाहरु सँग सम्बन्धित सम्झौताको दफा ५१ मा सम्झौता मूल्यको १०% भन्दा बढी मोविलाईजेशन पेश्की नेदिने र १०% मध्ये ५०% सम्झौता भएपछि बैंक ग्यारेन्टी र बाँकी लिएर र बाँकी ५०% निर्माण व्यावशायीबाट विमा गर्ने Lab प्रयोगशाला स्थापना गर्ने तथा साईडमा मोविलाईज (कार्यारम्भ) भएपछि दिने व्यवस्था छ, भने सम्झौता मितिले १५ दिनमा कार्यारम्भ गर्ने तथा मुल्यअभिवृद्धि करलाई छुट्टै विलिङ्ग गर्ने उल्लेख गरेको छ । कार्यालयले यस वर्ष मु.अ.कर सहितको सम्झौता मुल्यमा गणना गरी निम्नानुसार सम्झौता गरी रु.५,३८,०३५।- थप मोविलाईजेशन पेश्की भुक्तानी गरेको पाईयो । | | | |

| सि. नं. | योजनाको नाम | निर्माण व्यवशायी | मु.अ.कर वाहेक सम्झौता मुल्य | मु.अ.कर वाहेकको सम्झौता मुल्यमा हुने १०% पेश्की रकम | कार्यालयले दिएको पेश्की | बढी पेश्की |
|---|---|---|---|---|---|---|
| १ | कटारी-वाहुनीटार सडक Slice 1 | शंकरमाली निर्माण सेवा | ११२४७४७७।०७ | ११२४७४७।७० | १२०००००।० | ७५२५२।० |
| २ | गाईघाट-फत्तेपुर सडक | अमर कन्ट्रक्सन | १६३८६७०१।२६ | १६३८६७०।१२ | १८५००००।० | २११३३०।८८ |
| ३ | वेतिनी-माझखर्क-पुँवारे भञ्ज्याङ्ग सडक | बज्रगुरु-सूर्यजिवन जे.भी. | १६१६७४७८।७६ | १६१६७४७।८७ | १६१६०००।० | |
| ४ | वैद्यनाथ आर.सि.सि. पुल | रायमाझी कन्ट्रक्सन | १८१८५४७४।४३ | १८१८५४७।४४ | २०७००००।० | २५१४५३।० |

| सि.नं. | भौ.नं./मिति | विवरण | रकम | फछ्यौंटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | **जम्मा :-** ५३८०३५।००<br>मु.अ.कर समेतको सम्झौता मुल्यलाई गणना गरी मोविलाईजेशन पेश्की दिएको कारण बढी मोविलाईजेशन पेश्की दिएको देखिन्छ । जसले गर्दा सम्झौताको पूर्ण पालना भएको देखिएन । यस सम्बन्धमा पेश्की फछ्यौट हुने सम्झौता बमोजिमको अवधि भन्दा अगाडी नै उक्त पेश्की फछ्यौट गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ । | | | |
| ११.३ | | निर्माण खरिद सम्झौताको शर्तमा पेश्कीलाई २ किस्तामा उपलब्ध गराउनुपर्ने, जसमा पहिलो किस्ता सम्झौता भएपछि बैंक ग्यारेन्टी लिएर र दोश्रो किस्ता ठेकेदारबाट ल्याब स्थापना गर्ने र विमा गराएर र कार्य सुरु (मोविलाईज) भएपछि दोश्रो किस्ता पेश्की उपलब्ध गराउने उल्लेख छ । ५ नोभेम्वर २०१२ मा च.नं.८२ बाट निर्माण व्यवशायीलाई गरेको पत्राचार अनुसार सो मिति सम्म कार्य शुरु नगरेकोले कार्य शुरु गर्न लेखेको पत्रबाट पेश्की दिने मितिमा निर्माण व्यवसायीबाट कार्य शुरु नभएको देखिन्छ । कार्यालयले ठेकेदारले कार्य शुरु नै नगरेको अवस्थामा वेतिनी-पुँवारे-माझखर्क सडक निर्माणमा निर्माण व्यवशायी बज्रगुरु/सुर्य जे.भी.लाई सम्झौताको १०% ले हुने रकम नै पेश्की दिएको छ । यसरी सम्झौतामा उल्लेख गरे बमोजिम पेश्की नदिएको कारण सम्झौताको पूर्ण पालना नभएको र बजेट फ्रिज नगराउनलाई पेश्की दिएको देखिन्छ । यस सम्बन्धमा ठेक्का सम्झौता र प्रचलित आ.प्र.सम्बन्धी नियमहरुको पूर्ण पालना गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ । | | | |
| १२ | | **त्रुटी सुधार :-**<br>गाईघाट-बसाहा-चतरा सडकको भुल्के-विरेन्द्रचोक खण्ड (चे.नं.२४+१००-२८+७२० सम्म) सडक स्तरोन्नतीकार्य अन्तर्गत विभिन्न निर्माण कार्य गर्न ठे.नं.RAIDP/VDA/GB/PCK-ACG/067/68) निर्माण व्यवशायी रौताहा कन्ट्रक्सन सँग रु.९६,४४,२९५।- को सम्झौता मुल्यमा भेरिएशन पछिको खरिद सम्झौता भई रु.९६,४४,२९५।- मा मिति ०६८/९/३० मा कार्य सम्पन्न भएको पाईयो । उक्त ठेक्काको सम्झौतमा शर्तमा त्रुटी सच्याउने अवधि कार्यसम्पन्न मितिले ३६५ दिन हुने उल्लेख छ । जिल्ला प्राविधिक कार्यालयको च.नं.६६ मिति ०६९/६/१२ को पत्रबाट ०६९/२/२८ गते राष्ट्रिय सतर्कता केन्द्र मार्फत Karikh Engeneering Consultants प्रा.लि. (KEC) बाट प्राविधिक परिक्षण गर्दा विभिन्न चेनेजको दाँया बाँया shoulder मा कुल ४०५ मी. क्षति भएको सडकको Top Layer को Sub-base विभिन्न चेनेज गरी जम्मा २६० मिटर क्षती भएको चेनेज २६+०६० सडकको म्रव लामा खोला. चेनेज २८+४०० कटुन्जे खोलामा लगाईएको ग्यावियन सुधार हुनुपर्ने । विभिन्न ४ चेनेजमा पाईप कल्भर्ट र ३ स्ल्याब कल्भर्ट नजिक सडकको सतहमा Pot holes / Ditches Formation देखिएको हुँदा सो मार्फत सुधार हुनुपर्ने चेनेज २८+६०० देखि २८+७२० सम्म सडकको Longitudinal Grudient र Cross-Section Slope डिजाईन ड्रईङ्ग अनुसार नभएको हुँदा उल्लेखीत त्रुटीहरु सुधार गर्न निर्माण व्यवशायीलाई पत्राचार भएकोमा लेखापरीक्षण अवधि ०६९/८ मसान्त सम्म उक्त त्रुटी सुधार भएको प्राविधिक प्रतिवेदन पेश भएको छैन । निर्माण व्यवशायीबाट गुणस्तरीय कार्य नभएको तथा निर्माण सम्झौता बमोजिम मर्मत सुधार नगरेको | | | |

| सि.नं. | भौ.नं./मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | तथा पहिलो पटकको पत्राचार पछि कार्यालयबाट ताकेता नगरेको कारण मर्मत सुधार हुन नसकेको देखिन्छ । यसबाट निकट भविष्यमा सम्झौत बमोजिमको त्रुटी सुधार गर्ने समयावधी समाप्त हुने उक्त त्रुटी सच्याउन थप दायित्व वहन गर्नुपर्ने देखिन्छ । यस सम्बन्धमा निर्माण खरिद सम्झौताको शर्त बमोजिम अविलम्ब त्रुटी सुधार गर्न लगाई सोको प्राविधिक प्रतिवेदन पेश हुनुपर्ने देखिन्छ । | | | |
| १२.१ | | लेखापरिक्षणको क्रममा कार्यालयका प्राविधिक समेत संलग्न टोली र लेखापरीक्षण टोलीबाट संयुक्त स्थलगत निरिक्षण गर्दा कार्यालयबाट च.नं.६६ मिति ०६९/६/१२ को पत्रबाट निर्माणव्यवशायीलाई त्रुटी सुधार गर्न गरेको पत्राचारमा उल्लेखीत चेनेजमा गर्नुपर्ने सुधारका कार्यहरु नगरेको चे.नं.२४+३५० मा साविकमा जडिट ह्यूमपाईप छोटो भएको कारण सडकको चौडाईमा कमी हुन पुगेको ह्यूमपाईप थप गरी चौडाई मिलाउनु पर्ने अवस्था देखिएको । सडकको चौडाई भन्दा ह्यूमपाईप छोटो भएको कारण सडक निर्माणको क्रममा राखेको ग्राभेलले ह्यूमपाईप पुरिएकाले सिंचाईका लागि निकासको अभाव भएको स्थानीय ८५ वर्षिय अग्निधर अधिकारीको भनाई रहेको छ ।<br> | | | |
| १३ | | **<u>खरिद फाईल व्यवस्थापन</u>**<br>सार्वजनिक खरीद ऐन तथा नियमावलीले खरिद सँग सम्बन्धीत कागजातहरु सिलसिलेवार रुपमा मिलाई फाईलिङ गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न निर्माण व्यवशायी र उपभोक्ता समितिसँग निर्माण खरिद सम्झौता गरेका योजनासँग सम्बन्धित फाईलहरुको व्यवस्थापन ऐनमा तोके वमोजिम भएको पाईएन । योजनासँग सम्बन्धित कागजातहरु एकै फाईलमा व्यवस्थित गरी नराखेको कारण ठेक्का व्यवस्थापन कमजोर हुने देखिन्छ । तसर्थ ऐनमा उल्लेख गरे वमोजिम खरीद व्यवस्थापन प्रभावकारी वनाउनुपर्ने देखिन्छ । | | | |

| सि.नं. | भौ.नं./मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| १४ | | **मौज्दात रहने गरी पाइप खरिद :** लेखापरिक्षणलाई प्राप्त विवरण अनुसार पाइप खरिद तथा उपयोगको स्थिती निम्नानुसार छ | | | |

| ०६७/६८ को मौज्दात | परिमाण | ०६८।६९मा खरिद | परिमाण | जम्मा | ०६८।६९मा उपयोग | परिमाण | मौज्दात पाइप | मौज्दात पाइपको मुल्य |
|---|---|---|---|---|---|---|---|---|
| **हर्देनी खापायो** | | _ | | | _ | | | |
| ५०/६ | १३ | ५०/६ | ० | १३ | ५०/६ | १३ | ० | |
| **इनामे खापायो** | | _ | | | _ | | | |
| ६३/४ | ८०० | ६३/४ | ० | ८०० | ६३/४ | ८०० | ० | |
| ५०/४ | १२०० | ५०/४ | ० | १२०० | ५०/४ | १२०० | ० | |
| २०/१० | ४०० | २०/१० | ० | ४०० | २०/१० | ४०० | ० | |
| **आंपटार खापायो** | | _ | | | _ | | | |
| ४०/१० | ७५ | ४०/१० | ० | ७५ | ४०/१० | ७५ | ० | |
| ३२/६ | ० | ३२/६ | ४०० | ४०० | ३२/६ | ४०० | ० | २०७६९.४ |
| २०/१० | ० | २०/१० | ४०० | ४०० | २०/१० | ४०० | ० | १२३१४.६ |
| **सिरिसे खापायो** | | _ | | | _ | | | |
| २०/१० | ३ | २०/१० | ० | ३ | २०/१० | ३ | ० | |
| २५/१० | ३८ | २५/१० | ० | ३८ | २५/१० | ३८ | ० | |
| ४०/६ | ६१५ | ४०/६ | ० | ६१५ | ४०/६ | ६१५ | ० | |
| ५०/६ | १३८ | ५०/६ | ० | १३८ | ५०/६ | १३८ | ० | |
| **पोखरी खापायो** | | **पोखरी खापायो** | | | _ | | | |
| ४०/६ | २०० | ४०/६ | ० | २०० | ४०/६ | २०० | ० | |
| २५/१० | ० | २५/१० | १००० | १००० | २५/१० | १००० | ० | ४६४०९.५० |
| २०/१० | ० | २०/१० | ५०० | ५०० | २०/१० | ५०० | ० | १५३९३.२५ |
| ५०/६ | ७०० | ५०/६ | ० | ७०० | ५०/६ | ७०० | ० | |
| ६३/४ | २०० | ६३/४ | ० | २०० | ६३/४ | २०० | ० | |
| | | **वर्रे खापायो** | | | _ | | | |
| | | २०/१० | २०० | २०० | २०/१० | २०० | ० | ६१५७.३० |
| | | **मैनामैनी खापायो** | | | _ | | | |

| सि.नं. | भौ.नं./मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | २५/१० | १००० | **१०००** | २५/१० | १००० | ० | ४६४०९.५० |
| | | २०/१०. | १००० | **१०००** | २०/१०. | १००० | ० | ३०७८६.५० |
| | | **भलायडाडां खापायो** | | | _ | | | |
| | | २५/१० | १२८० | **१२८०** | २५/१० | १२८० | ० | ३०८०९.४८ |
| | | २०/१० | ९५० | **९५०** | २०/१० | ९५० | ० | २९२४७.१८ |
| | | ३२/६ | १६५० | **१६५०** | ३२/६ | १६५० | ० | ८५६७३.७८ |
| | | **जांते खापायो** | | | _ | | | |
| | | ३२/१० | ८०० | **८००** | ३२/१० | ८०० | ० | ६१३८९.२० |
| | | २५/१० | ७०० | **७००** | २५/१० | ७०० | ० | ३२४८६.६५ |
| | | २०/१० | ५०० | **५००** | २५/११ | ५०० | ० | १५३९३.२५ |
| **संयुक्त सहयोग कार्यक्रम/सानातिना योजना मर्मत** | | _ | | | _ | | | |
| २०/१० | ९२२ | २०/१० | ७३०० | **८२२२** | २०/१० | १५५० | **६६७२** | २२४९१२.३० |
| २५/१० | १२३६ | २५/१० | ५३८० | **६६१६** | २५/१० | १९०० | **४७१६** | २४९७५२.८० |
| ३२/६ | २०० | ३२/६ | ० | **२००** | ३२/६ | २०० | **०** | |
| ४०/६ | १०० | ४०/६ | ० | **१००** | ४०/६ | ० | **१००** | |
| ५०/६ | ६१३.८ | ४०/७ | २००.० | **८१३.८** | ४०/७ | १९० | **६२३.८** | २४९३२.०० |
| **जम्मा :-** | **७४५३.८** | | **२३२६०.०** | **३०७१३.८** | | **१८६०२.०** | **१२१११.८** | **९३२८३६.६९** |

कार्यालयले पाइपको मौज्दात र आवश्यकता पहिचान गरेर मात्र थप पाइप खरीद गर्नुपर्नेमा सो वेगर विभिन्न साइजका पाइपहरु वढी खरिद गरेको कारण मौज्दात रहेको देखिन्छ । यसरी आवश्यकता पहिचान वेगर खरिद गर्ने प्रवृत्तिको अन्त्य हुनुपर्दछ ।

***यस सम्बन्धमा वेरुजु मस्यौदा माथिको छलफलमा संयुक्त सहयोग कार्यक्रम तथा सानातिना योजना मर्मत अन्तर्गत खरिद गरिएका पाईप मात्र मौज्दात रहेको कार्यालयको भनाई रहेको छ ।***

| | | | | | |
|---|---|---|---|---|---|
| १५ | | **खरिद योजना** –स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६२ अनुसार एक वर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागि वार्षिक दश करोडभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा सम्बन्धित निकायले त्यस्तो योजना वा आयोजना वा खरिदको अवधिभरको लागि खरिद गुरुयोजना तयार गर्नुपर्ने छ । | | | |

| सि.नं. | भौ.नं./मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | यसरी खरिद योजना तयार गर्दा कुनै योजनाको सम्पूर्ण भाग तथा खण्ड खण्ड गरी कुन काम उपभोक्ता समितिबाट र कुन काम अन्य प्रक्रियाबाट गराउने हो सो समेत छुट्याई सम्बन्धित निकायबाट निर्णय गराउनुपर्ने व्यवस्था रहेको छ<br>कार्यालयले यस आर्थिक वर्षमा स्थानीय स्वायत्त शासन सामुदायिक विकास कार्यक्रमबाहेक अन्य कार्यक्रम अन्तर्गत सञ्चालित योजनाहरुको लागि नियमावलीले तोके अनुसारको खरिद योजना तयार गरेको पाइएन ।<br>कार्यालयले नियमावलीमा व्यवस्था भए अनुसारको वार्षिक खरिद योजना तयारी गर्नका लागि जिम्मेवारी पदाधिकारीहरुले तत्परता नदेखाएको कारणबाट खरिद योजना तयार हुन नसकेको पाइयो ।<br>नियमावलीले तोकेको ढांचामा वार्षिक खरिद योजना तयार नहुंदा खरिद कार्यमा पारदर्शिता र मितव्ययिता हासिल गर्न नसकिनुका साथै खरिद व्यवस्थापन कार्यको प्रभावकारितामा असर पर्न जाने देखिन्छ ।<br>वार्षिक खरिद कार्यलाई प्रभावकारी मितव्ययी र पारदर्शी बनाउनका लागि नियमावलीको व्यवस्थामा परिकल्पना गरे बमोजिमको वार्षिक खरिद योजना तयारीमा कार्यालयको ध्यानाकर्षण हुनु अत्यन्त जरुरी देखिन्छ । | | | |
| १६ | | **जिन्सी व्यवस्थापन** | | | |
| १६.१ | | **लिलाम बिक्रि :**<br>स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २१७ (२) बमोजिम जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेखित बेकम्मा भई काम नलाग्ने देखिएका मालसामान लिलाम बिक्रि गर्ने, मर्मत गर्नुपर्ने मालसामान मर्मत गर्ने, आम्दानी नबाँधिएका जति तुरुन्त आम्दानी बाँध्न कर्तव्य अधिकार प्राप्त अधिकारीको हुनेछ भन्ने उल्लेख छ । कार्यालयवाट लेखापरीक्षणको लागि पेश गरेको जिन्सी निरिक्षण प्रतिवेदन अनुसार  मर्मत नहुने लिलाम विक्री गर्नु पर्ने उल्लेख गरेका विभिन्न ९१ आइटमका ४३९ थान र RCIW तर्फ विभिन्न र आईटम २४ थान किसिमका सामानहरु नियमले तोके बमोजिम लिलाम बिक्रि गर्नु पर्नेमा गरेको पाइएन । समयमै लिलाम गर्ने सामानको मूल्याङ्कन लगायतका कारबाही गर्न कार्यालयले सक्रियता नदेखाएको कारणले लिलाम बिक्रीको कारबाही भएको देखिदैन । जसले गर्दा कार्यालयमा जिन्सीको भौतिक व्यवस्थापन चुस्त देखिदैन भने नयां जिन्सी सामान भण्डारण गर्ने भौतिक स्थानको अभाव हुने देखिन्छ । तसर्थ कार्यालयले नियमले तोके बमोजिम लिलाम बिक्रि गरी भण्डार व्यवस्थापनलाई छरितो पार्ने तथा सरकारी सामग्री हानी नोक्सानी हुन नदिने गरी जिन्सी व्यवस्थापन चुस्त वनाउनु पर्ने देखिन्छ । | | | |
| १७ | | **उपभोक्ता समिति परिचालनः** | | | |
| १७.१ | | जिल्ला विकास समितिद्धारा संचालित रु. ६० लाख सम्मको कारोवार स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५५ (१) मा उपभोक्ता समितिद्धारा गराउन सक्ने प्रावधान छ । सो नियम वमोजिम योजना तथा कार्यक्रमहरु विकास योजनावाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुमध्येवाट जिल्ला विकास समितिले सम्वन्धित निकायको समेत परामर्श | | | |

| सि.नं. | भौ.नं./मिति | विवरण | रकम | फछ्र्यौंटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | लिई उपभोक्ता समिति गठन गराउनु पर्ने, सोही नियमावलीको नियम २०८ (१) ले व्यवस्था गरेको देखिन्छ । नियमावलीको नियम २०५ (३) मा कार्य गर्ने प्रयोजनका लागि गठित उपभोक्ता समिति स्थानीय निकायले विषयगत रुपमा वर्गीकरण र सूचीकृत गरी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था रहेको छ । यो वर्ष विभिन्न क्षेत्रमा संचालित २१५ वटा योजना उपभोक्ता समिति मार्फत गराएता पनि यसरी योजना कार्यान्वयन गर्ने ज.उ.स. बाहेक उपभोक्ता समितिहरुले वर्गीकरण र सूचीकृत गरी लगत राखेको देखिएन । यसरी गठित उपभोक्ता समिति कुन निकायमा दर्ता भएको हो र कुन निकायवाट नविकरण गरिएको हो, सो समेत श्रेस्तामा खुल्न आएन ।<br><br>उपभोक्ता समिति दर्ता तथा बिषयगत रुपमा बर्गीकरण नहुनुमा कानूनको पालना नगर्नु उपभोक्ता समिति गठन भएपछि उपभोक्ता समितिहरुलाई निर्माण पूर्व तथा निर्माण पश्चात तालिम दिने व्यवस्था नगरिनु नै प्रमुख कारण हुन ।<br><br>उपभोक्ता समितिहरुको दर्ता तथा बिषयगत रुपमा बर्गीकरण नगरिंदा अनुगमनमा कठिनाई हुने, एउटा उपभोक्ता समितिमा रहेका पदाधिकारीहरु अन्य उपभोक्ता समितिमा पदाधिकारी हुने, योजना समाप्त हुने बित्तिकै उपभोक्ता समितिको नाममा रहेको बैंक खाता बन्द हुने, जुनसुकै प्रकृतिका कार्य एउटै उपभोक्ता समिति मार्फत गराउने, सम्पन्न योजना गुणस्तरीय नहुने, मर्मत सम्भार र जिम्मेवारी कसले लिने भन्न नसकिने अवस्था रहन्छ ।<br>नियमावलीमा उल्लेख भए अनुसार आगामी दिनमा उपभोक्ता समितिकोहरुको दर्ता तथा विषयगत रुपमा बर्गीकरण गर्ने र समय समयमा उपभोक्ता समितिलाई योजना सम्बन्धी बिषयमा तालिम तथा सेमिनार गरी व्यवस्थित गराउन सम्बन्धित निकायको ध्यान पुग्नु जरुरी छ । | | | |
| १८ | | **<u>संचालित योजना र मर्मत सम्भार :</u>**<br>जिल्ला विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६७ को २७ (२) मा आयोजना सञ्चालन गर्ने निकायले सम्पन्न भइसकेका आयोजनाहरुको नियमिति रेखदेख र मर्मत संभार कार्य आफैले गर्ने वा त्यस्ता आयोजनाको स्वामित्व समेत सम्वन्धीत उपभोक्ता समितिलाई हस्तान्तरण गरी दिगो रुपमा स१चालन हुने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । उपभोक्ता समिति मार्फत कार्यालयले यस वर्ष सञ्चालन गरेका कूल २१५ योजना मध्ये कुनै पनीयोजना हस्तान्तरण गरेको पाइएन । यसरी सम्पन्न योजनाहरु सम्वन्धीत उपभोक्ता समितिलाई हस्तान्तरण नगर्नाले योजनाको मर्मत संभार र रेखदेख कार्यालय र लाभग्राही पक्ष दुवैले नगर्ने स्थीति देखिएको छ । सम्पन्न आयोजनाहरु निर्धारीत समयमै हस्तान्तरण गरी लाभग्राही समूहवाट मर्मत, रेखदेख र सम्भार गर्ने प्रवन्ध कार्यालयवाट अगाडी बढाउनु पर्ने देखीन्छ । | | | |
| १९ | | **<u>उपभोक्ता समितिवाट भएको कार्य :-</u>**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राहीवाट काम गराउन सकिने व्यवस्था छ । सोही नियमावलीको नियम ९७(११) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरी सकेपछि | | | |

| सि.नं. | भौ.नं./मिति | विवरण | रकम | फछ्यौंटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | समवन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीवाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायवाट प्राप्त रकम र जनसहभागितावाट व्यहोरिएको श्रम,नगद वा जिन्सी समेत कुल खर्चको विवरण सो निकायमा पेश गनु पर्नेछ र सम्वन्धित सार्वजनिक निकायले त्यसरी प्राप्त भएको विवरणको अभिलेख राख्नुपर्ने उल्लेख छ । कार्यालयले उपभोक्ता समिति मार्फत कार्य गराएका योजना कार्यालयवाट खटाएका प्राविधिकले तयार गरी पेश गरेको प्राविधिक मुल्यांकनकै आधारमानै सम्वन्धित उपभोक्ता समितिलाई भुक्तानी गर्ने गरेको छ । नियम अनुसारका व्यवस्थको पूर्ण रुपमा अनुसरण नभएको कारण खर्चको विवरण नखुलेको स्थिती छ । नियममा उल्लेख गरे वमोजिमको विवरण प्राप्ती र अभिलेख राख्ने तर्फ कार्यालयको ध्यान जनुपर्ने देखिन्छ । | | | |
| २० | | **हेभि मेसिन प्रयोग :**<br>स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५५ (४६) मा बढी जटिल प्राविधिक पक्ष समावेश भएको र मेशिनरीको बढी प्रयोग हुने काम बाहेक सामान्यतया श्रम प्रधान प्रविधि अपानाइने आयोजना वा कार्यक्रम मात्र उपभोक्ता समिति मार्फत गराउनु पर्नेछ भन्ने व्यवस्था छ । यसैगरि नियम १५५ (च) मा उपभोक्ता समितिले पाएको काम ठेकेदारवाट गराउनु हुदैन भन्ने उल्लेख छ । यस कार्यक्रम अन्तर्गत यो बर्ष संचालीत मध्ये नमुना छनौटको रुपमा परिक्षण गरेका विभिन्न सडक योजनाहरु संचालन गर्न हेभी मेसिन प्रयोग गर्ने गरी लागत अनुमान तयार गरी हेभी मेशिन ( स्काभेटर, डोजर) प्रयोग गरी उपभोक्ता समिति मार्फत कर्य गरे गराएको पाइयो । नियममा व्यवस्था भए बमोजिम उपभोक्ता समितिबाट हुने काम हेभी मेशिन प्रयोग नगरी कार्य नगराएबाट स्थानीय श्रोत साधन र श्रमशक्तिको उपयोग गरी ग्रामीण क्षेत्रमा रोजगारी सिर्जना गर्ने तथा वातावरणमैत्री निर्माण गरी विकासका अवरोधहरुलाई न्यूनीकरण गर्ने कार्यमा वाञ्छित उपलब्धी नहुने अवस्था छ । तसर्थ नियममा व्यवस्था भए वमोजिम उपभोक्ता समितिबाट गरिने कार्यहरुमा हेभी मेशिनको प्रयोगलाई निरुत्साहीत गरी वातावरण र रोजगारमैत्री निर्माण कार्य अगाडी बढाउनुपर्ने देखिन्छ । | | | |
| २१ | | **वक्यौता असुली :**<br>स्थानीय स्वायत्त शासन ऐन, २०५५ को परिच्छेद–६ अनुसार समितिले कर, दस्तुर, सेवा शुल्क, भाडा आदि उठाउन सक्ने व्यवस्था छ । ऐनको दफा २६० बमोजिम यस्तो रकम असुल नभएमा सरकारी बांकी सरह असुल गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणलाइ) प्राप्त विवरण अनुसार गत विगतको असुली नभएकोमा रु३१,४२,७७१।७३ मध्ये यो वर्ष रु.८३,३२५।- असुली भई कुल रु.३०,५९,४४६।- असुली रु. बाँकी देखिएको छ । गत विगतदेखि बक्यौता असुलीमा ऐनमा उल्लेख भए वमोजिम पक्रिया पुऱ्याई असूली गर्न ताकेता नभएको कारण असुली बक्यौता रहेको छ । यसले जिविसको आन्तरिक आयमा कमी भएको देखिन्छ । यस सम्बन्धमा पुरानो बक्यौता समेत यो वर्ष असुली हुन बाँकी रु.२,७५,६६७- सम्बन्धित निर्माण व्यवशायीबाट असुली हुनुपर्ने रु................ | २७५६६७/०० | | |
| २२ | | **आन्तरिक आय व्यवस्थापन** | | | |

| सि.नं. | भौ.नं./मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | **मु.अ.कर असूली सम्बन्धमा** :- मु.अ.कर ऐन २०५२ को दफा १५ (३) मा स्थानीय निकायले कर लाग्ने बस्तु वा सेवा विक्री गर्दा मु.अ.कर असुल गर्नुपर्ने र लाग्ने मुल्यमा अन्य कर समेत समावेश हुने व्यवस्था छ । कार्यालयले यो वर्ष तावाखोलामा निकासी कर वापत ठेक्काको माध्यमबाट रु.४,५१,१०१।- सुनकोशी सप्लायर्सबाट असुली गरेकोमा उक्त असुलीको १३% ले हुने मु.अ.कर रु.५८,६४३।१३ असुली गर्नुपर्नेमा रु.१९५४८।- मात्र असुल गरी रु.३९,०९५।१३ घटी असुल गरेको पाईयो ।<br>यसै गरी ढुङ्गा, गिटी, वालुवाको विदेश निकासी दस्तुर वापत महाविर एग्रिगेट प्रालिसँग अमानतमा रु.२३९३७४०।- असुल गरेकोमा उक्त असूलीमा १३% ले हुने मु.अ.कर रु.३,११,१८६।२० असुल गरी दाखिला गरेको पाईएन । कानुन वमोजिम असुल हुनुपर्ने कर असुली गरी दाखिला नगरेको कारण नेपाल सरकारलाई उल्लेखीत ठे. सुनकोशी निर्माण सेवाबाट रु.३९,०९५।१३ र अमानतबाट रु. ३,११,१८६।२० गरी जम्मा रु.३,५०,२८१।३३ नेपाल सरकारलाई मु.अ.कर राजश्व नोक्सान हुन गएको । यस सम्बन्धमा कानुनमा व्यवस्था भए वमोजिम सम्बन्धितबाट असुल गरी सम्बन्धित राजश्व शीर्षकमा दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु........ | ३१११८६।३३ | | |
| २३ | | <u>**ढुङ्गा, गिटी, वालुवा विदेश निकासी दस्तुर :**</u><br>स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १६७ ४ (क) मा आगामी आ.व.को लागि प्रत्येक आन्तरिक श्रोतको उपलब्धता, सम्भावित परिचालन सो श्रोत परिचालनको व्यवस्थापन तथा लागत र चालु वर्षको ठेक्का अंक समेत विचार गरी आन्तरिक आयको प्रक्षेपण गरी न्यूनतम ठेक अंक र असूली कार्यतालिका समेत भएको कार्यान्वयन कार्ययोजना तयार गर्नुपर्ने उल्लेख छ, भने नियम ५ मा स्थानीय निकायले तोके वमोजिमको न्यूनतम अंक पनि कवोल हुन नआएमा स्थानीय स्तरको सम्बन्धीत राजश्व परामर्श समितिको सिफारिसशमा आवश्यक प्रक्रिया अपनाई आन्तरिक आयको व्यवस्था गर्न सकिने उल्लेख छ । ठेक्का नलागेको उल्लेख गर्दै कार्यालयबाट विदेश निकासी ठेक्का नलागेकोले अमानतबाट कर संकलन गरेको पाईयो तर नियममा उल्लेख गरे वमोजिम कार्ययोजना भएको देखिएन । कार्यालयबाट राजविराज र सुनसरी भंसार कार्यालयलाई विभिन्न मितिमा विदेश निकासी परिमाण सिफारिस गरेकोमा अन्तिम पटक ०६८ चैत्र मसान्त सम्मको निकासी अनुमति दिएकोमा कति परिमाणमा निकासी भएको अभिलेख नराखेको पाईयो, भने राजविराज भंसारको २०६८/१२/१ को पत्रबाट ०६८/८/२७ सम्म आ.व.०६८/६९ को लागि १४४५० घ.मी. निकासी गरेको देखाएको छ, भने महाविर एग्रिगेट प्रा.लि.को ०६८/१२/१ को पत्रबाट ०६८/६९ मा जम्मा १४४५० घ.मी. विदेश निकासी गरेको देखाएको छ । यसरी कार्यालयमा विदेश निकासी परिमाण अभिलेख स्पष्ट नरहेको, सुनसरी भंसारबाट निकासी भएको र राजविराज भंसारबाट ०६८/८/२७ पछि निकासी परिमाण खुलेको अभिलेख नभएबाट अमानतबाट कार्यालयले विदेश सिफारिस गरेको परिमाण र भंसारबाट निकासी परिमाण विच भिडान गर्न सकिएन । अभिलेख स्पष्ट नभएको कारण जि.वि.स.को विदेश निकासी सिफारिस दस्तुर आयमा कमी आउने देखिन्छ । यस सम्बन्धमा कार्यालयबाट सिफारिस | | | |

| सि.नं. | भौ.नं./मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | परिमाण र भंसार कार्यालयहरुबाट निकासी परिमाणको अभिलेख भिडान गरी विदेश निकासी सिफारिस दस्तुर आयमा जिविसलाई नोक्सानी नभएको आश्वस्त वनाउनुपर्ने देखिन्छ । | | | |
| २४ | | **जनशक्ती व्यववस्थापन** | | | |
| २४.१ | | **कार्यालयको निरीक्षण**<br>सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावलि, २०६५ को नियम ४० (१) वमोजिम सचिवले आफ्नो मन्त्रालय मातहतका<br>विभाग, परियोजना तथा कार्यालयको र विभागीय प्रमुख तथा कार्यालय प्रमुखले आफ्नो र आफ्नो मातहतको कार्यालय तथा परियोजनाको प्रत्येक आर्थिक वर्षमा कम्तीमा एक पटक आफैले वा आफूले अख्तियार सुम्पेको कर्मचारीद्वारा अनिवार्य निरीक्षण गर्नु गराउनु पर्नेछ भन्ने उल्लेख छ यस कार्यालयमा यस वर्ष तालुक कार्यालयले नियमले तोके वमोजिको निरीक्षण गरेको पाइएन । यसरी कार्यमा प्रभावकारीता तथा सुशासन व्यवस्थापन कायम राख्न नियमावलिको पालना गर्ने तर्फ सम्वन्धीत निकायको ध्यान जानुपर्ने देखिन्छ । | | | |
| २४.२ | | **पदपूर्ति स्थिति :**<br>लेखापरीक्षणलाई प्राप्त विवरण अनुसार कार्यालयमा कूल ५१ जना कर्मचारी दरवन्दी रहेकोमा पदपूर्ति स्थायी ३० जना र करार २ जना गरी जम्मा ३२ जना कर्मचारीहरु कार्यरत रहेको पाइयो । दरवन्दी अनुसार पदपूर्ति नहुंदा सेवाग्राहीले कार्यालयवाट उपलब्ध गराउने सेवा प्रवाह प्रभावकारी नहुने र मौजूदा कर्मचारीहरुलाई कार्यबोझ थप हुन जाने देखिन्छ । तसर्थ दरवन्दी अनुसारको पदपूर्ति तथा जनशक्ति व्यवस्थापन गर्न सम्वन्धीत निकायले ध्यान दिनु पर्ने देखिन्छ । | | | |
| २५ | | **निर्णय कार्यान्वयन** | | | |
| २५.१ | | **गत विगत वर्षको बेरुजु फछ्र्यौट :**<br>स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २०४ (१) बमाजिम लेखापरीक्षणबाट कायम भएका वेरुजुका प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपर गरी फछ्र्यौट गर्ने दायित्व अधिकारी प्राप्त अधिकारीको हुने छ भन्ने उल्लेख छ ।कार्यालयवाट लेखापरीक्षणलाई प्राप्त विवरण अनुसार गत विगत वर्षको बेरुजु फछ्र्यौटको विवरण निम्नानुसार रहेको छ ।<br>कार्यालयवाट प्राप्त विवरण अनुसार गत विगत वर्षको बेरुजु फछ्र्यौटको विवरण निम्नानुसार रहेको छ ।<br>(रकम रु. हजारमा) | | | |

| गत | यस | जम्मा बेरुजु | यो अवधिमा | बेरुजु बाँकी |
|---|---|---|---|---|

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं./मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>
<table>
<tr><th>वर्षसम्मको बाँकी बेरुजु</th><th>अवधिमा थप बेरुजु</th><th></th><th>बेरुजु फछ्र्यौट</th><th>असुल गर्नु पर्ने</th><th>नियमित गर्नुपर्ने</th><th>पेश्की</th><th>जम्मा</th></tr>
<tr><td>९२३७८</td><td>१०३८२</td><td>१०२७६०</td><td>५०५८४</td><td>१५९</td><td>२२१३८</td><td>२९८७९</td><td>५२१७६</td></tr>
</table>
समयमा नै वेरुजु फछ्र्यौट नगर्दा वेरुजु माथि वेरुजु थप हुदै जाने र वेरुज अंक परिमाण बढ्दै जाने अवस्था देखिन्छ । तसर्थ कार्यालयले फछ्र्यौट गर्न बाँकी बेरुजु समयमानै फछ्र्यौट गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td><td></td><td></td></tr>
<tr><td>२६</td><td></td><td><u>आर्थिक व्यवस्थापन</u></td><td></td><td></td><td></td></tr>
<tr><td>२६.१</td><td></td><td>आन्तरीक लेखा परिक्षण:<br>स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३२ (१) मा जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण आन्तरिक लेखापरीक्षण शाखाले गर्ने छ भन्ने उल्लेख छ । त्यस्तै स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ५७ अनुसूची ८० मा उल्लेख भएका जिल्लाको जिल्ला विकास समितिमा सहायक स्तर र अन्य जिल्लामा अधिकृत स्तरको कर्मचारी प्रमुख र आवश्यकता अनुसार सहायक कर्मचारी सहितको आन्तरिक लेखापरीक्षण शाखा गठन गर्नु पर्ने व्यवस्था रहेको देखिन्छ । यसैको आधारमा आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आ.ले.प. अधिकृत समेत २ जना कर्मचारी दरवन्दी रहेकोमा आ.ले.प.अधिकृत १ जनाको मात्र पदपूर्ति गरेको देखिन्छ । दरबन्दी अनुसार पदपूर्ति नहुँदा नियमावलीको नियम ५८ अनुसार निम्न काम भएको नदेखिएकोले आन्तरिक लेखापरीक्षणलाई थप प्रभावकारी वनाउन उक्त शाखामा रिक्त दरवन्दी पूर्ति गरी नियमावलीले तोकेका कार्यहरु तोकेको समयमा हुनुपर्ने देखिन्छ ।<br>• गाउँ विकास समितिहरुको आन्तरीक लेखापरीक्षण समयमै सम्पन्न गरेको पाईएन ।<br>• गाउँ विकास समितिहरुको बेरुजु लगत राखि सम्परिक्षण गर्ने गरेको पाइएन ।</td><td></td><td></td><td></td></tr>
<tr><td>२६.२</td><td></td><td><u>आर्थिक कारोवारको निरीक्षण</u> :<br>स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २२२ (२) मा जिल्ला विकास समितिको सचिवले कोष तथा लेखा नियन्त्रक कार्यालयको सहयोग लिई गाउँ विकास समिति र नगरपालिकाको आर्थिक कारोवारको कम्तिमा वर्षमा १ पटक निरीक्षण गरी सो को प्रतिवेदन सम्वन्धित गा.वि.स./न.पा. र जि.वि.स. र स्थानीय विकास मन्त्रालयमा पेश गर्नुपर्ने छ भन्ने उल्लेख भएकोमा यस जिल्ला विकास समिति अन्तर्गतको गा.वि.स. तथा न.पा.वाट भएको आर्थिक कारोवारको निरीक्षण गरी प्रतिवेदन दिने गरेको देखिएन । नियमले तोकेको प्रकृया पुरा नगर्दा कार्यमा प्रभावकारिता तथा आर्थिक अनुशासन कमजोर हुन जान स्थिति देखिन्छ । तसर्थ, नियमावलीको पालना गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td><td></td><td></td></tr>
<tr><td>२७</td><td></td><td><u>प्राथमिकता निर्धारण</u> :<br>स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा २०१ मा योजना तर्जुमा गर्दा क्रमश : सर्वसाधारणलाई तत्काल फाइदा पुग्ने</td><td></td><td></td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं./मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | तथा रोजगार प्रवर्द्धन हुने र आयमूलक कार्यक्रमहरु, कृषि उत्पादन वृद्धि गर्न सघाउ पुग्ने कार्यक्रमहरु, स्थानीय साधन सीप र क्षमताको परिचालनवाट संचालन हुने कार्यक्रमहरु, वातावरण संरक्षणमा सघाउ पुग्ने कार्यक्रमहरु र पिछडीएका तथा उत्पीडित जाती, जनजाती एवं महिला र वालवालिकाको लागि आयमुलक तथा सीपमूलक कार्यक्रमहरुलाई प्राथमिकता दिनु पर्ने छ उल्लेख भएकोमा कार्यालयले ऐनको व्यवस्था अनुरुप योजनाहरुको प्राथमिकता निर्धारण गरी योजनाहरुको छनौट गरेको पाइएका प्राथमिकता निर्धारण नगरी योजना छनौट गर्दा संतुलित एवं समावेशी विकासमा प्रभाव पर्ने स्थिति देखिन्छ । तसर्थ, कार्यालयले ऐनले तोकेको प्रकृया पुरा गरी योजनाहरुको छनौट गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | | | |
| २८ | | **अधुरा योजना :**<br>स्थानीय स्वायत्त शासन ऐन २०५५ मा जि.वि.स.ले योजना छनौट गर्दा ध्यान दिनुपर्ने प्रकृया एवं अवस्थाको वारेमा उल्लेख छ भने सोही ऐनमा जि.वि.स.ले योजना छनौट गर्दा दिनुपर्ने प्राथमिकताको बारेमा उल्लेख गरिएको छ । ऐनमा भएको व्यवस्था वमोजिम को प्रकृया वमोजिम योजना छनौट हुने गरेको पाईयो । कार्यलयले उपलब्ध गराएको विवरण अनुसार १० लाख भन्दा बढी लागत अनुमान भएका अधुरा योजनाहरुको स्थिति विवरण अनुसार जि.वि.स.कोष तर्फ २ वटा र केन्द्र तर्फ १० वटा समेत कूल १२ योजनाहरु समयमा सम्पन्न नभई अधुरा रहेको पाईयो । लेखापरीक्षणलाई प्राप्त विवरण अनुसार अधुरा योजनाहरु अधुरो रहनाका कारणमा क्रमागत योजना देखाएको छ । क्रमागत योजनाहरुलाई सम्पन्न गर्न आवश्यक वजेट विनियोजन गरी समयमै सम्पन गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ । | | | |
| २९ | | **<u>संचालित योजनाको अनुगमन :</u>**<br>जिल्ला विकास समिति अनुदान संचालन मार्गदर्शन २०६७ को बुँदा नं. २८ (१) मा जिल्ला विकास समितिले जिल्लामा संचालित विभिन्न कार्यक्रम तथा आयोजनाहरुको अनुगमन गर्न निर्वाचित पदाधिकारीको ब्यवस्था नभएसम्मको लागि एकम जिल्ला सुपरीवेक्षण तथा अनुगमन समिति गठन गर्नु पर्ने र बुँदा नं. २८ (४) मा जिल्ला विकास समितिले आफ्ना कार्यक्रमहरूको सुपरिवेक्षण तथा अनुगमन कार्ययोजना कार्यतालिका बनाई सोको आधारमा नियमित रूपमा सुपरिवेक्षण अनुगमन मूल्याङ्कन तथा समीक्षा गर्नु पर्दछ भन्ने उल्लेख छ भने बुँदा नं. २८ (५) मा अनुगमन सम्बन्धिी अन्य ब्यवस्था जि.वि.स.बाट तोकिए बमोजिम हुने ब्यवस्था छ । कार्यालयबाट यो वर्ष संचालित योजनाहरू मार्गदर्शनमा उल्लेख गरे बमोजिम सबै योजनाहरु अनुगमन भएको पाइएन । प्रभावकारी सुपरीवेक्षण र अनुगमन तथा पृष्ठपोषणको अभावका कारण संचालित योजना तथा कार्यक्रममा गरिएको खर्चको उपलब्धी प्राप्त पूर्ण रुपमा हुने अवस्था नदेखिएको हुन जान्छ । जसबाट संचालित योजनाहरु दिगो नहुने अवस्था देखिन्छ । तसर्थ कार्यालयले संचालित सबै योजना तथा कार्यक्रमको अनुगमन गरी कार्यदक्षता तथा प्रभावकारीता वृद्धि गर्ने गराउने तर्फ ध्यान जानुपर्ने देखिन्छ । | | | |
| ३० | | **<u>नियमावलीको पालना</u>**<br>स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ६०(१) मा जिल्ला विकास समितिले राख्नुपर्ने श्रेस्ताको | | | |

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं./मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्यौंटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>ढांचा तोकेको छ। कार्यालयले नियम तोके बमोजिमका निम्नानुसारका अनुसूची बमोजिमका ढांचा राखेको पाइएन। यसरी नियमले तोके बमोजिमका अनुसूचीहरु नराख्दा कार्यालयको आर्थिक व्यवस्थापन कमजोर देखिन जान्छ। तसर्थः कार्यालयले नियमले तोके बमोजमका निम्नानुसारका आलेपबाट समेत औल्याइएका अनुसूचीको ढांचा अभिलेख राख्नुपर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ
<table>
<tr><th>सि.नं</th><th>लेखाढांचाको विवरण</th><th>अनुसूची</th></tr>
<tr><td>१</td><td>दैनिक आय शिषकगत कर संकलन खाता</td><td>१०</td></tr>
<tr><td>२</td><td>लगती आय खाता(व्यक्तिगत)</td><td>११</td></tr>
<tr><td>३</td><td>दैनिक कर प्राप्ती खाता</td><td>१२</td></tr>
<tr><td>४</td><td>आन्तरिक आयको लगती असुली विवरण</td><td>१४</td></tr>
<tr><td>५</td><td>वैंक ग्यारेन्टी अभिलेख खाता</td><td>३५</td></tr>
<tr><td>६</td><td>धारा विजुली, टेलीफोन, धरौटीको लगत</td><td>४४</td></tr>
<tr><td>७</td><td>ठेक्का सम्वन्धि लगत</td><td>६६</td></tr>
<tr><td>८</td><td>आइटम वाइज कार्य अभिलेख खाता</td><td>६७</td></tr>
</table></td><td></td><td></td><td></td></tr>
<tr><td>३१</td><td></td><td>बिल भरपाई :<br>स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ४६(३) मा अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्दा खर्चको बिल भरपाई सहीत लेखाराख्नु पर्नेछ भन्ने उल्लेख छ। कार्यालयले निम्नानुसारको ब.हि.नं./कार्यक्रमबाट रु.६३,२७०।- भुक्तानी खर्च लेख्दा तथा पेश्की फछ्र्यौट गर्दा बिल भरपाई संलग्न गरेको देखिएन। यसरी नियमावलीले तोकेको प्रकृया पुरा नगरी र खर्च प्रमाणित हुने विल भर्पाई संलग्न नराखी खर्च गरेको कारण भुक्तानी खर्च लैख्दा कार्यालयको आर्थिक अनुशासन कमजोर देखिन्छ। तसर्थ, नियमानुसारको बिल, भरपाई बेगर भुक्तानी खर्च लेखेको रु.६३,२७०।- को बिल भरपाई सहीतको सक्कल प्रमाण पेश हुनुपर्ने अथवा सम्बन्धीतबाट असुल हुनुपर्ने रु.
<table>
<tr><th>सि. नं.</th><th>कार्यक्रमको नाम</th><th>खर्च भएको गो.भौ.नं.र मिति</th><th>खर्चको विवरण</th><th>भुक्तानी गरेको व्यक्ति/फर्म संस्था</th><th>विल भर्पाई वेगर गरेको खर्च रु.</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>जि.वि.स.कोष पूँजिगत</td><td>५-०६८/४/२३</td><td>योजना अनुगमन खर्च</td><td>राममणी पौडेल</td><td>३,०००।००</td><td></td></tr>
<tr><td></td><td></td><td>२११-०६९/३/५</td><td>साईकल खरिद</td><td>तपेश्वरी गाविस</td><td>६,०००।००</td><td>तारा सदाको लागि</td></tr>
<tr><td>२</td><td>वातावरण व्यवस्थान</td><td>७८-०६९/३/२६</td><td>खरिद</td><td>नमामी सप्लायर्स लाहान</td><td>५४,२७०।०</td><td>सक्कल विल नभएको</td></tr>
</table></td><td>६३२७०.००</td><td></td><td></td></tr>
</table>

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं./मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>जम्मा :- ६३२७०।००</td><td></td><td></td><td></td></tr>
<tr><td>३२</td><td></td><td><u>स्थलगत अवलोकन :-</u><br>जिल्ला विकास समितिका कार्यालय प्रमुख, लेखा प्रमुख र अन्य प्राविधिक कर्मचारीहरु एवं लेखापरीक्षण टोली समेतको संयुक्त सहभागितामा मिति ०६९/८/२७ र २८ गतेका दिनहरुमा कार्यालयले यस वर्ष जिल्ला स्थित विभिन्न स्थानमा सञ्चालन गरेका विभिन्न योजनाहरुको स्थलगत अवलोकन कार्य सम्पन्न गरियो । स्थलगत अवलोकनबाट देखिएका व्यहोराहरु देहाय अनुसार छन् ।</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td>
<table>
<tr><th>सि. नं.</th><th>कार्यक्रमको नाम</th><th>जि.वि.स.बाट भुक्तानी रकम</th><th>अवलोकनबाट देखिएको अवस्था</th></tr>
<tr><td>१</td><td>वि.पि. स्मृति भवन निर्माण</td><td>३३५०००।००</td><td>जिविसबाट विनियोजित बजेटको कार्य सम्पन्न, योजना अधुरो रहेको</td></tr>
<tr><td>२</td><td>बेल्टार ढल निर्माण (ग्रा.खा.पा.यो.)</td><td>५७००००।००</td><td></td></tr>
<tr><td>३</td><td>शहिद स्मृति भवन नि. बेल्टार (जनसहभागीता)</td><td>४८००००।००</td><td>जिविसबाट विनियोजित बजेटको कार्यसम्पन्न भएको तर योजना अधुरो रहेको</td></tr>
<tr><td>४</td><td>ज.मा.वि.श्रीपुर वाउण्ड्री वाल (वातावरण)</td><td>२०००००।००</td><td></td></tr>
<tr><td>५</td><td>नेपाल शिक्षक संघ भवन निर्माण (निर्वाचन)</td><td>३८००००।००</td><td>जिविसबाट विनियोजित बजेटको कार्यसम्पन्न भएको तर योजना अधुरो रहेको</td></tr>
<tr><td>६</td><td>वालेश्वर शिव मन्दिर घेरावेरा</td><td>२१२७६१।००</td><td>““ ““ ““</td></tr>
<tr><td>७</td><td>श्री ज्योति उ.मा.वि.बेल्टार (भारतीय सहयोग)</td><td>१३४२२९९३।००</td><td>भेन्टिलेशनमा सिसाहरु राख्ने केहि काम बाँकी रहेको</td></tr>
<tr><td>८</td><td>गाईघाट-फत्तेपुर सडक (मोतिगडा-जोगिदह खण्ड)</td><td>४२७७०००।००</td><td>विभिन्न चेनेजमा ११ वटा ह्युम्पाईप कल्भर्ट मध्ये ७ वटा निर्माण भएको, झन्डै ४ कि.मी.मा माटो फिलिङ्ग गरेको, ग्रेडिङ र कम्प्ल्याक्सनको काम बाँकी रहेको</td></tr>
</table>
</td><td></td><td></td><td></td></tr>
<tr><td>३३</td><td></td><td><u>कर्मचारी कल्याणकोष</u><br>जिल्ला विकास समिति, उदयपुरको कर्मचारी कल्याणकोष सञ्चालन निर्देशिका २०६६ को परिच्छेद ३ मा सापटी सम्वन्धी व्यवस्था उल्लेख गरेको छ । विनियमावली अनुसार कोषवाट निम्नानुसारका कर्मचारीहरुलाई सापटी दिएको रकम रु.४,२८,०००।- फिर्ता प्राप्त गर्न बांकी देखिएको छ । समयमानै सापटी रकम फिर्ता नहुँदा कोषको आम्दानी न्यून देखिन जाने हुन्छ। तसर्थ फिर्ता प्राप्त हुन बाँकी सापटी रकम रु.४,२८,०००।- कोषमा फिर्ता प्राप्त हुनुपर्ने रु.</td><td>४,२८,०००.०</td><td></td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं./मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|

| सि.नं. | सापटी मिति | सापटी लिनेको नाम | रकम |
|---|---|---|---|
| १ | २०६८/१२/१६ | संगिता पोखरेल | १,८८,०००.०० |
| २ | ०६९/२/९ | राजकुमार खड्का | २,४०,०००.०० |
| | | **जम्मा :-** | ४,२८,०००.०० |

यस जिल्ला विकास समितिको कार्यालय उदयपुरका खरिदार केदार कुमार कार्की र कार्यालय सहयोगी पदम व. भुजेलले मिति ०६८/८/१६ र मिति ०६९/३/२७ को जि.वि.स.निर्णयानुसार क्रमश ०६८/५/६ र ०६९/३/१४ गते देखि अनिवार्य अवकास हुँदा निम्नानुसारको रोजगारी आय तथा अवकास आय प्राप्त गरेको देखियो । उक्त आयमा आयकर ऐन २०५८ बमोजिमको निम्नानुसारको भुक्तानीमा करकटी गरेको देखिएमा वि.सं. २०५८ सालभन्दा अघिपछीको विदा अभिलेख पेश नभएको कारणबाट कर योग्य आय एकिन गर्न सकिएन । कार्यालयले अवकास पाउने कर्मचारीहरुको अभिलेख खुलाई स्पष्ट रुपमा राख्नु पर्ने देखिन्छ ।

**खरिदार श्री केदारकुमार कार्की**

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | बार्षिक रोजगारी आय | १५२९०।० |
| २ | संचित विदा १४.५ महिना | २२२१८६।० |
| ३ | औषधी उपचार १८ महिना | २७५२२०।० |
| ४ | उपदान रकम ७२.५ महिना | ११०६३२५।० |
| | **कुल जम्मा** | **१६१९०२१।०** |
| १ | पारिवारिक छुट | २०००००।० |
| २ | औषधी उपचार छुट | १८००००।० |
| ३ | खुद आय | १२३९०२१।० |
| ४ | पहिलो १ लाखसम्म १५ प्रतिशतले | १५०००।० |
| ५ | बांकी २५ प्रतिशतले | २८४७५५।० |
| ६ | जम्मा कटा हुने कर | २९९७७५।० |

**कार्यालय सहयोगी श्री पदम व. भुजेल**

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | बार्षिक रोजगारी आय ११.५ म. | १५८१२५।० |
| २ | औषधी उपचार १८ महिना | २४७५००।० |
| ३ | संचित विदा १२ महिना | १६५९०४।० |

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं./मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>
<table>
<tr><td>४</td><td>उपदान रकम ८० महिना</td><td>१०२८५९६।०</td></tr>
<tr><td colspan="2">कुल जम्मा</td><td>१६००१२५।०</td></tr>
<tr><td>१</td><td>पारिवारिक छुट</td><td>२०००००।०</td></tr>
<tr><td>२</td><td>औषधी उपचार छुट</td><td>१८००००।०</td></tr>
<tr><td>३</td><td>खुद आय</td><td>१२२०१२५।०</td></tr>
<tr><td>४</td><td>पहिलो १ लाखसम्म १५ प्रतिशतले</td><td>१५०००।०</td></tr>
<tr><td>५</td><td>बांकी २५ प्रतिशतले</td><td>२८००३१।०</td></tr>
<tr><td>६</td><td>जम्मा कटा हुने कर</td><td>२९५०३१।०</td></tr>
</table>
</td><td></td><td></td><td></td></tr>
<tr><td>३४</td><td></td><td>
<u>गाउँ विकास समिति अनुदान :-</u> स्थानीय निकाय आ.प्र.नियमावली २०६४ को नियम ४३ (६) मा नेपाल सरकारबाट प्राप्त कुनै अनुदान रकम फ्रिज गर्नुपर्ने भए फ्रिज प्रयोजनका निमित्त सम्बन्धित निकायमा फिर्ता पठाईदिनु पर्नेछ । भन्ने उल्लेख छ । यदि फ्रिज गर्नुपर्ने रकम फ्रिज नगराएमा वा फ्रिज गर्ने प्रयोजनको लागि सम्बन्धित निकायमा फिर्ता नपठाएमा उक्त रकम कट्टा गरेर मात्र निकासा लिनुपर्नेछ । निकासा दिनेले पनि सोही अनुसार गरी निकासा दिनुपर्नेछ भन्ने उल्लेख छ । यस बजेट उपशीर्षक (कार्यक्रम) अन्तर्गत कुल बजेट रु.१०,२९,०२,२००।- निकासा खर्च मध्ये रु.६,३६,८७०।- कन्टिजेन्सी खातामा ट्रान्सफर गरेको वाहेक रु.१०,२२,६५,३३०।- सम्बन्धित गाविसलाई निकासा खर्च गरेको वाहेक गाविसको खर्चको लेखापरीक्षण भएको छैन । गाविसहरुको आन्तरिक लेखापरीक्षण भैनसकेकोले फ्रिज गर्नुपर्ने रकम फ्रिज गरे नगरेको यकिन गर्न सकिएन । नमूना छनौटको रुपमा आ.व.०६७/६८ को निम्नानुसार गाविसको लेखापरीक्षण प्रतिवेदनलाई हेर्दा आ.व.को अन्त्यमा फ्रिज गर्नुपर्ने बाँकी रहेको नगद मौज्दात रकम फ्रिज नगरेको अवस्था देखियो । नियमानुसार फ्रिज गर्नुपर्ने रकम गाविसहरुबाट फ्रिज नगराएको लेखापरीक्षण प्रतिवेदन समयमा प्राप्त हुन नसकेको समेत कारणबाट फ्रिज गर्नुपर्ने नेपाल सरकारको अनुदान रकम फ्रिज नभएको देखिन्छ, जसले गर्दा गा.वि.स.हरुको समग्र वित्तीय सुशासन जोखिम उच्च हुने देखिन्छ । यस सम्बन्धमा नियमानुसार निकासा खर्च एवं आ.व.अन्त्यमा मौज्दात रकम फ्रिज हुनुपर्ने देखिन्छ ।<br>
<u>निम्न</u>
<table>
<tr><th>सि.नं.</th><th>गाविसको नाम</th><th>विशेष कोष वाहेकको नगद मौज्दात रु.</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>हडिया</td><td>६,६३,९३०।००</td><td>विभिन्न ४ व्यक्तिको नाममा नगद मौज्दात</td></tr>
<tr><td>२</td><td>आँपटार</td><td>४,२६,४५५।००</td><td>मौज्दात मध्ये रु.३६,६३५।७२ गत विगतको मौज्दात</td></tr>
<tr><td>३</td><td>कटुञ्जेववला</td><td>१,०३,९७८।००</td><td>गाविस सचिवको नामको गतवर्षको</td></tr>
<tr><td>४</td><td>रौता</td><td>१,३९,१९१।५०</td><td>नगद मौज्दात चालु वर्ष पूँजिगत तर्फ</td></tr>
</table>
</td><td></td><td></td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं./मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| ३५ | | **जि.वि.स.कोष चालु**<br>जिल्ला विकास समितिले परिषद्को निर्णय बेगर ग्रामीण सामुदायिक पूर्वाधार विकास कार्यक्रममा दरबन्दी भई यस कार्यालयमा काजमा रहेका सहायक स्टोर किपर श्री गिरिराज खड्कालाई रु.२,७००।- र कार्यालय सहयोगी श्री रामु चौधरीलाई रु.६,८५०।- गरी जम्मा रु.९,५५०।- खाजा खर्च भुक्तानी गरेको रकम कोषको खातामा दाखिला गर्नुपर्ने भनि आन्तरिक लेखापरीक्षणबाट औल्याएकोमा जिल्ला परिषदबाट उक्त खाजा भत्ता भुक्तानीको अनुमोदन गराउनुपर्ने अन्यथा सम्बन्धीतबाट असूल गरी जिविस कोषको खातामा दाखिला गर्नु पर्ने रु. | ९५५०।०० | | |
| ३५.१ | | **भारतीय राजदूतावास सहयोग :-**<br>यस कार्यक्रममा गत वर्षको बाँकी रु.१,८६,९४०।- यो वर्ष प्राप्त रु.४१,६९,४०३।- गरी जम्मा आम्दानी रु.४३,५६,३४३।- र रु.३१,३३,९२४।- खर्च भई रु.१२,२२,४१९।- बाँकी रहेको पाईयो । यस सम्बन्धमा लेखापरीक्षणबाट देखिएका अन्य व्यहोराहरु निम्नानुसार छन । | | | |
| ३५.२ | | **ज्योति उ.मा.वि.बेल्टार भवन निर्माण** :-<br>स्थानीय निकाय आ.प्र.नियमावली २०६४ को नियम १२८ मा मनासिव कारण भएमा सम्झौता अवधि ३ महिना सम्म वोलपत्र स्वीकृत गर्ने अधिकारीले र सो भन्दा बढी सम्बन्धीत स्थानीय निकायले म्याद थप गर्न सक्ने व्यवस्था छ । मु.अ.कर समेत रु.१,७९,६६,२५५।- को सम्झौता मुल्यमा ठे.नेशनल/सगरमाथा/एन.आर.के.जे.भी. काठमाण्डौ सँग २०६७/२/७ मा कार्य सम्पन्न गर्ने गरी २०६६/२/१८ मा सम्झौता भएकोमा अन्तिम पटक २०६९ आषाढ मसान्त सम्म (शुरु सम्झौता अवधिको २०० प्रतिशत भन्दा बढी समय) म्याद थप भएको अवस्था पाईयो । यसरी म्याद थप गर्नुमा बन्द, हडताल र काठ अभाव उल्लेख गरेको छ । निर्माण व्यवशायीबाट म्याद थप माग गर्दा रिभाईज्ड कार्य तालिका पेश नगरेको तथा कार्यालयले कुनै कार्ययोजना एवं कार्यतालिका वेगर म्याद थप गर्दै जाने र निर्माण व्यवसायीबाट विभिन्न कारण देखाउँदै कार्यसम्पन्न गर्ने तत्परता र तदारुकता नदेखाएको कारण २ सय प्रतिशत भन्दा बढी समय सम्म म्याद थप हुँदा समेत कार्यसम्पन्न हुन नसकेको देखिन्छ । बैदेशिक अनुदान सहयोगमा संचालित योजना समयमा सम्पन्न नभएबाट दातृनिकायबाट हुने यस्ता थप सहयोग प्राप्तिमा कमी आउने र विद्याथीहरुले सुविधा सम्पन्न भवनको उपयोग गर्नबाट वञ्चित हुनुपरेको अवस्था छ । यस सम्बन्धमा पटक-पटक म्याद थप गर्नुको सट्टा ठेक्का सम्झौताका शर्त वमोजिम शिघ्र कार्यसम्पन्न गर्ने तर्फ ध्यान जानुपर्ने देखिन्छ । | | | |
| ३६ | | **वातावरण व्यवस्थापन विशेष कोष** :-<br>वातावरणीय व्यवस्थापन विशेष कोष (संचालन) निर्देशिका, २०६६ को बुँदा नं. ४ (४) मा कोषको रकमबाट संचालन हुने कार्यक्रमहरुको वार्षिक रुपमा कार्यक्रम तर्जुमा गरी जिल्ला परिषद्बाट स्वीकृत गरी कार्यान्वयन गर्ने गराईनेछ भन्ने उल्लेख छ । कार्यालयले कोषबाट यो वर्ष सञ्चालन गरेको कूल ४८ योजना मध्ये रु.२३,३६,०००।- का ४२ योजना सम्पन्न भएका | | | |

| सि.नं. | भौ.नं./मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | र ६ योजना अधुरा रहेको पाईयो । उक्त सञ्चालित योजनाहरु जिल्ला परिषद्बाट कार्यक्रम तर्जुमा स्वीकृति वेगर जेठ, अषाढ महिनामा मात्र सञ्चालन भएका छन । योजनाहरु सहभागीतामूलक योजना तर्जुमा प्रकृयाका कूनै प्रक्रिया नै पूरा नगरी समिति गठन गरी सो समितिको निर्णयानुसार योजना छनौट गरेको छ । जुन छनौट भएको कारण समावेशी विकास निर्माण प्रभाव पर्ने जाने देखिन्छ । तसर्थ कार्यालयले निर्देशिकाले तोकेको प्रकृया पुरा गरी परिषद्बाट स्वीकृत गरी योजना संचालन एवं कार्यान्वयन गर्ने तर्फ ध्यान दिनु जरुरी देखिन्छ । यस सम्बन्धमा उक्त २३,३६,०००।- योजना छनौट र खर्चको अनुमोदन जिल्ला परिषद्बाट गरेको प्रमाण पेश हुनुपर्ने रु............<br>***लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनको मस्यौदा उपरको छलफलको क्रममा उक्त कोषमा उदयपुर सिमेन्ट उद्योगबाट उत्सर्जन हुने प्रदुषण (धुँवा धुलो आदि) बाट प्रभावित जनताका लागि सिमेन्ट उद्योगबाट प्राप्त रकम जम्मा भएको , सो रकम खर्च गर्ने सम्बन्धमा स्पष्ट व्यवस्था नभएका साथै जिल्ला परिषद पश्चात मात्र योजना सिफारिश भई आएकाले प्रदुषण क्षेत्र विकास समितिको सिफारिशमा वातावरण व्यवस्थापन समिति (वातावरणीय व्यवस्थापन विशेष कोष (संचालन) निर्देशिका २०६६ को परिच्छेद ३ बमोजिम) को निर्णयबाट खर्च गरिएको । आगामी परिषदबाट अनुमोदन गराइने भनाइ रहेको ।*** | २३३६०००।० | | |
| ३७ | | **कार्य सम्पन्न प्रतिवेदन** :-<br>स्थानीय निकाय आ.प्र.नियमावली २०६४ को नियम १३३ (३) मा उपनियम (२) वमोजिम जाँचबुझ गर्ने प्राविधिकले सम्पन्न निर्माण कार्य स्वीकृत ड्रईङ, डिजाईन स्पेशिफिकेशन वमोजिम भए/नभएको जाँच गरी स्थानीय निकाय समक्ष प्रतिवेदन पेश गर्नुपर्नेछ, भन्ने उल्लेख छ । कार्यालयले विद्युत विस्तार श्रीपुरका उ.स.अ.नी. नेत्र वहादुर कार्कीलाई थ्री फेज जडान वापत रु.१,००,०००।- भुक्तानी खर्च लेखेकोमा उक्त जडानको कार्यसम्पन्न प्रतिवेदन, प्राविधिक विल एवं नेपाल विद्युत प्राधिकरणको काम तमाम प्रमाण-पत्र संलग्न गरेको पाईएन । यसरी नियमावलीको पालना नगर्दा उक्त कार्यसम्पन्न भयो नै भन्ने विश्वास हुने आधार देखिँदैन । तसर्थ, कार्य सम्पन्न प्रतिवेदन वेगर भुक्तानी खर्च लेखेको रु.१,००,०००।- को कार्यसम्पन्न प्रतिवेदन एवं नेपाल विद्युत प्राधिकरणको काम तमाम प्रमाणपत्रमा पेश गर्नुपर्ने रु.................... | १,००,०००।० | | |
| ३८ | | **आन्तरिक कोष चालु :-**<br>काज सम्बन्धमा :- स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २२२ क (२) मा उपनियम (१) बमोजिम काज खटाउँदा १ बर्षमा ३ महिना भन्दा बढी अवधिको लागि काज खटाउन सकिने छैन भन्ने उल्लेख छ । जिल्ला विकास समिति उदयपुरको कर्मचारी प्रशासन सम्बन्धि विनियमावली २०६६ (३.३) मा जिल्ला विकास समितिको कूनै कर्मचारीलाई सचिवले काजै खटाउन सक्नेछ, तर विदेश काज खटाउनु पूर्व जि.वि.स.को स्वीकृति लिनुपर्नेछ, भन्ने उल्लेख छ । कार्यालयबाट प्राप्त काज विवरण अनुसार स्थानीय विकास राज्यमन्त्रीज्यूको निजी सचिवालयको च.नं.१२९ मिति २०६८/११/०९ को पत्रानुसार यस कार्यालयका क.अ. (सहायकस्तर) निशा राजभण्डारीलाई मिति २०६८/११/०९ देखि | | | |

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं./मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानमा कुनै आर्थिक भार नपर्ने गरी काजमा पठाएको पाईयो मन्त्रालयको च.नं.२३९ मिति ०६९/८/२ र च.नं.१५२ मिति ०६९/६/७ को पत्रानुसार ०६९ कार्तिक मसान्त सम्म मन्त्रालयमा रुजु हाजिर भई आर्थिक प्रशासन शाखामा कामकाज गर्दै आउनु भएको व्यहोराको जानकारी जि.वि.स.उदयपुरलाई लेखी पठाएको पाइयो । जिविस उदयपुरको निजको तलब आ.व.०६८/६९ मा ०६८/४/१ देखि ८/३० सम्म ५ महिनाको रु.७३,६००।- भुक्तानी खर्च लेखेको छ। निज क.अ. हालसम्म जि.वि.स.उदयपुरमा काज फिर्ता भई आएको देखिदैन । यसरी कार्यालयमा कूल ५१ दरबन्दी रहेकोमा ३२ जना मात्र पूर्ति संख्या भएको कारण कार्यालयको दैनिक कामकाज प्रभावित भएको देखिन जान्छ । तसर्थ, उल्लेखीत अवस्थाका सम्बन्धमा स्पष्ट भई सम्बन्धीत सबै पक्षको ध्यान जानुपर्ने देखीन्छ ।</td><td></td><td></td><td></td></tr>
<tr><td>३९</td><td>२१३/०६९/३/३१</td><td><u>यूनिसेफ</u> :-<br>अग्रिम कर कट्टी :- आयकर ऐन २०५८ को दफा ८८ (१) मा बासिन्दा नेपालमा श्रोत भएको सेवा शुल्क रकम भुक्तानी गर्दा कूल भुक्तानी रकमको १५% का दरले करकट्टी गर्नुपर्नेछ, भन्ने उल्लेख छ । कार्यालयले बाँस्वोटेका वालवालिकालाई क्षमता विकास सम्बन्धी तालिममा प्रशिक्षण वापत निम्नानुसारका व्यक्तिहरुलाई रु.८,२००।- को १५% का दरले हुने रु.१२६०।- करकट्टी गरेको पाईएन । ऐनको पालना नगर्दा राज्यको आयन्यून हुन जान्छ । तसर्थ करकट्टी वेगर भुक्तानी गरेको निम्नानुसारको रकम सम्बन्धितबाट असुल गरी राजश्व दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.......................<br>
<table>
<tr><th>सि.नं.</th><th>भुक्तानी पाउने व्यक्तिको नाम</th><th>भुक्तानी रकम रु.</th><th>१५% का दरले असूल हुनुपर्ने रु.</th></tr>
<tr><td>१</td><td>रमिला राई</td><td>४२००।००</td><td>६३०।००</td></tr>
<tr><td>२</td><td>केदारमणी राई</td><td>४२००।००</td><td>६३०।००</td></tr>
<tr><td colspan="3">जम्मा :-</td><td>१२६०।००</td></tr>
</table></td><td>१२६०।००</td><td></td><td></td></tr>
<tr><td>४०</td><td>१८८/०६९/२/११</td><td>जिल्ला विकास समिति उदयपुरको च.नं.२६३९ मिति ०६९/२/९ को विभिन्न ६ गाविसहरु (तावाश्री, भुट्टार, बर्रे, लिम्पाटार, ताम्लिछा र बाँस्वोटे) लाई रकम निकासाको पत्रानुसार खुल्ला दिशामुक्त अभियानको लागि सरसफाई सम्बन्धी विभिन्न ५ क्रियाकलापहरु संचालन गर्न रु.७,०००।- का दरले रु.४२,०००।- निकासा गरेको पाईयो । उक्त क्रियाकलापहरु सञ्चालन गरी सोको मासिक प्रतिवेदन जिविसको कार्यालयमा पठाउने गरी रकम निकासा भएकोमा उक्त गाविसबाट जिविसमा लेखापरिक्षण अवधि ०६९/८/२८ सम्ममा कूनै पनि प्रतिवेदन पठाएको पाईएन । यसरी रकम प्राप्त गर्ने गाविसहरुले प्रतिवेदन नपठाउँदा ODF सम्बन्धी निकासा रकमको सदुपयोग भयो नै भन्ने स्थीति देखिँदैन । तसर्थ सम्बन्धीत गाविसहरुबाट तोकीएको क्रियाकलाप भए, गरेको प्रमाण पेश हुनुपर्ने रु.......................................</td><td>४२०००.०</td><td></td><td></td></tr>
<tr><td>४१</td><td></td><td><u>वैदेशिक श्रोत :</u><br>यस कार्यक्रममा गत गत आ.व.को जिम्मेवारी रु.५२,०७,२४१।- यस आ.व.को आम्दानी रु.३,४२,२५,७२२।५३ गरी जम्मा रु.३,९४,३२,९६३।- मा रु.३,६५,८०,४०४।०३ खर्च भई रु.२८,५२,५५९।५० मौज्दात बाँकी रहेको छ । खर्च मध्ये विभिन्न</td><td></td><td></td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं./मिति | विवरण | रकम | फछ्र्यौंटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | विषयगत कार्यालय र गै.स.स.हरुमा निकासा खर्च लेखेको रु.२,०८,१८,४६४।५ को लेखापरीक्षण भएको छैन । | | | |
| ४२ | ९३-०६९/३/१३ | **यू.एन.एफ.पि.ए.** यस कार्यक्रममा गत आ.व.को जिम्मेवारी रु.११,२९,६३२।- मा यस आ.व.को आम्दानी रु.६५,०९,५६५।५३ गरी जम्मा रु.७६,३९,१९७।५३ मध्ये रु.७३,०३,७७१।- खर्च भई रु.३,३५,४२६।५३ बाँकी मौज्दात रहेको छ । खर्च रकम मध्ये विभिन्न ३ विषयगत कार्यालयहरु (स्वास्थ्य, शिक्षा र महिला तथा वालवालिका) लाई निकासा रकम रु.४६,०८,४००।- को लेखापरीक्षण भएको छैन । | | | |
| ४३ | | **पेश्की बाँकी :-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १८२ मा पेश्की दिने र फछ्र्यौट गर्ने व्यवस्था छ । मिति ०६९/ मा श्री गोविन्द वहादुर थापालाई दिएको पेश्की आ.व.को अन्तसम्ममा पनि फछ्र्यौट नभई रु.२,५०,०००।- बाँकी देखाएको छ । आ.व.को अन्तमा बचत रहेको रकम फ्रिज गराउनु भन्दा पेश्की प्रदान गर्ने तर्फ उन्मुख हुने जस्ता कारणले आ.व.को अन्तमा पेश्की प्रदान गर्ने तर फछ्र्यौट नगर्ने परिपाटीको विद्यमानता देखिन्छ । तसर्थ फछ्र्यौट गर्न बाँकी पेश्की रकम नियमावली १८२ र १९० बमोजिम फछ्र्यौट हुनुपर्ने रु. | २५००००।० | | |
| ४४ | | स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ४६ (क) मा अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्दा खर्चको विल भर्पाई सहित लेखा राख्नुपर्नेछ भन्ने उल्लेख छ । कार्यालयले मिति २०६९/३/८ देखि ३/१२ सम्म सञ्चालन भएको भौगोलिक सूचना प्रणाली सम्बन्धी तालिममा कूल खर्च रु.१,१६०००।- मध्ये सहजकर्ता श्री भोलानाथ ढकालको खाना, वास खर्च रु.६,०००।- गरी जम्मा रु.७४,१८०।- भुक्तानी खर्च लेखेको पाईयो । साथै प्रशिक्षकको लागि होटल वास खर्च वापत दिनको रु.६००।- का दरले ६ दिनको रु.३,६००।- समेत खर्च लेखी दोहोरो भुक्तानी गरेको छ । यसरी नियमावलीको पालना नगरी दोहोरो भुक्तानी गर्दा कोषको आय न्यून हुन जान्छ । तसर्थ दोहोरो भुक्तानी खर्च लेखेको रु.३,६००।- सम्बन्धितबाट असुल गरी कोषमा जम्मा गरेको प्रमाण पेश हुनुपर्ने रु. .......................... | ३६००।०० | | |
| ४५ | | **बिल भरपाई** | | | |
| ४५.१ | | स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ४६(३) मा अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्दा खर्चको बिल भरपाई सहीत लेखाराख्नु पर्नेछ भन्ने उल्लेख छ । कार्यालयले निम्नानुसारको रु.१९,१२०।- भुक्तानी खर्च लेख्दा तथा पेश्की फछ्र्यौट गर्दा बिल भरपाई संलग्न गरेको देखिएन । यसरी नियमावलीले तोकेको प्रकृया पुरा नगरी भुक्तानी खर्च लैख्दा कार्यालयको आर्थिक अनुशासन कमजोर देखिन्छ । तसर्थ, नियमानुसारको बिल, भरपाई बेगर भुक्तानी खर्च लेखेको रु. १९,१२०।-को बिल भरपाई सहीतको सक्कल प्रमाण पेश हुनुपर्ने अथवा सम्बन्धीतबाट असुल हुनुपर्ने रु. | १९१२०.०० | | |

| सि.नं. | कार्यक्रमको नाम | गोभौ.नं./मिति | भुक्तानी पाउने निकाय/व्यक्ति | विवरण | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | यूवानीति अनुशिक्षण | ५०-०६८/११/१६ | महादेव रौनियार | विभिन्न २६ जनाको २०० | १६००० | सक्कल भर्पाई |

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं./मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td><table>
<tr><td></td><td>कार्यक्रम</td><td></td><td></td><td>का दरले ३ दिनको</td><td></td><td>नभएको</td></tr>
<tr><td>२</td><td>अनुशिक्षण कार्यक्रम</td><td>२९-०६८/९/१२</td><td>श्री राममाया लामिछाने</td><td>१७ डिसेम्बर २०११ विराटनगर-काठमाण्डौ वुद्ध एयर</td><td>३१२०</td><td>प्लेन टिकटको वोडिङ्ग पासको उडान मिति भिडान नभएको</td></tr>
<tr><td colspan="5">जम्मा :-</td><td>१९१२०।०</td><td></td></tr>
</table></td><td></td><td></td><td></td></tr>
<tr><td>४५.२</td><td>८५/०६९/२/२४</td><td>स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ४६(३) मा अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्दा खर्चको बिल भरपाई सहीत लेखाराख्नु पर्नेछ भन्ने उल्लेख छ । कार्यालयले मिति ०६९/२/९ र २/२० मा अनुगमन भ्रमण खर्च वापत का.अ.श्री राजकुमार खड्कालाई रु.५५००।- वील भर्पाई वेगर भुक्तानी खर्च लेखेको पाईयो । यसरी नियमावलीको पालना नगर्दा कार्यालयको वित्तीय व्यवस्थापन कमजोर हुन जाने हुन्छ । तसर्थ विल भर्पाई बेगर भुक्तानी लेखेको रु.५५००।- सम्बन्धीतबाट असूल गरी कोष दाखिला हुनुपर्ने रु.......</td><td>५५००।००</td><td></td><td></td></tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| ४६ | | **जिल्ला उर्जा तथा वातावरण शाखा** | | | |
| | | कार्यालयको आर्थिक वर्ष २०६८।६९ को आय व्यय विवरण निम्नानुसार छ । | | | |

| **आय** | | | | **व्यय** | | | |
|---|---|---|---|---|---|---|---|
| **विवरण** | | | **रकम** | **विवरण** | | | **रकम** |
| १ | गतवर्षको जिम्मेवारी | ० | २७२७३६७।७० | १ | जिल्ला उर्जा कोष (चालु) | | २३८८०५६।८६ |
| २ | यसवर्षको आम्दानी | ० | १६४९२७५।० | | क) ६१-३-२२३ | १२२५७७४।८६ | |
| | क) ६१-३-२२३ | ७६७५६१।० | | | ख) ६१-४-२२३ | ६८१२८२।०० | |
| | ख) ६१-४-२२३ | १००७१४।० | | | ग) यु.एन.डि.पी. वायोग्यास (TAB) | ४८१०००।० | |
| | ग) यु.एन.डि.पी. वायोग्यास (TAB) | ७८१०००।० | | २ | लघु जलविद्युत परियोजना खर्च | | २५५५०००।० |
| ३ | जि.वि.स.समपुरक कोष | | ४००००००।० | | क) खारीखोला ल.ज.वि. | १३२५०००।० | |
| ४ | लघु जलविद्युत अनुदान | | ३६९४५४४।० | | ख) यारीखोला ल.ज.वि. | २३०००००।० | |
| | | | | ३ | क)गतवर्ष खर्च भईसकेको | | ५३५४८।७४ |
| | | | | | ख) जिविस समलगानी सहयोग खर्च | | २९११५०।० |
| | | | | | बाँकी मौज्दात : | | ३१८३४३१ |
| **जम्मा :-** | | | ८४७११८६।७० | **जम्मा :-** | | | ८४७११८६।७० |

| | | | | | |
|---|---|---|---|---|---|
| ४७ | | **पुंजीगत खाता :** | | | |
| ४७.१ | | **कर कट्टि दाखिला :**<br>आयकर ऐन २०५८ को दफा ८७ मा पारिश्रमिक करकट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सामुदायिक वाल विकास एवं महिला जागरण केन्द्र(CWC) कटारी, उदयपुरको विभिन्न पेश्की रकम फछ्र्यौट मा विभिन्न ३ जनाको तलव भत्ता भुक्तानीमा पारिश्रमिक वापत कर कट्टि गरेको रकम(३ जनाको ५७२X ३ X ३) रु.५१४८।– राजश्व दाखिला गरेको पाइएन । यसरी ऐनको पालना नगर्दा राज्यको आय न्यून हुन जान्छ । तसर्थः CWC ले कर कट्टि गरी राजश्व दाखिला नगरेको रु.५१४८।– को राजश्व दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु. | ५१४८/- | | |
| ४७.२ | | **अग्रिम कर कट्टि**<br>आयकर ऐन २०५८ को दफा ८८ मा सेवाशुल्क भुक्तानीमा १५%का दरले कर कट्टि गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सामुदायिक वाल विकास एवं महिला जागरण केन्द्र,(CWC) लाई सामुदायिक परिचालन सहयोग स्वरुप रु.९२५८०/– भुक्तानी खर्च लेखेको छ । उक्त भुक्तानी मध्ये रु.१५२५५/–शिरोभार खर्च लेखेको छ । प्रति चौमासिक रु.१५२५५/– का दरले एक वर्षमा शिरोभार खर्च वापत रु.४५७६५/– भुक्तानीमा १५% ले हुने रु.६८६५/– कर कट्टि गरेको पाइएन । यसरी ऐनको पालना नगर्दा कार्यालयको वित्तिय व्यवस्थापन कमजोर हुन गई राज्यको आयमा समेत न्यून हुन जान्छ । तसर्थ, कार्यालयले शिरोभार खर्चमा करकट्टि गर्नुपर्ने रु.६८६५/– सम्वन्धित बाट असुल गरी राजश्व दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु. | ६८६५/- | | |
| ४८ | | **बिल भरपाई :**<br>स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ४६(३) मा अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्दा खर्चको बिल भरपाई सहीत लेखाराख्नु पर्नेछ भन्ने उल्लेख छ । कार्यालयले निम्नानुसारको कार्यक्रमबाट रु.६६७८८४।- भुक्तानी खर्च लेख्दा तथा पेश्की फछ्र्यौट गर्दा बिल भरपाई संलग्न गरेको देखिएन । यसरी नियमावलीले तोकेको प्रकृया पुरा नगरी भुक्तानी खर्च लैख्दा कार्यालयको आर्थिक अनुशासन कमजोर देखिन्छ । तसर्थ, नियमानुसारको बिल, भरपाई बेगर भुक्तानी खर्च लेखेको रु.६६७८८४।- को बिल भरपाई सहीतको सक्कल प्रमाण पेश हुनुपर्ने अन्यथा सम्बन्धीतबाट असुल हुनुपर्ने रु. | ६६७८८४/- | | |

| सि.नं. | कार्यक्रमको नाम | गोभौ.नं./मिति | भुक्तानी पाउने निकाय/व्यक्ति | विवरण | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | पुंजीगत खाता | २४/०६९/२/१९ | CWC | फाल्गुन– जेष्ठ सम्मको ३ जनाको तलव भत्ता | १८७८८४/ | सक्कल भरपाई नभएको |
| २ | UNDP | विभिन्न | वायोग्यांस तथा उर्जा विकास कम्पनि प्रा.लि. उदयपुर | गोवरग्यांस प्लान्ट | ४८००००/- | बील भरपाई नभएको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | | | | (३५००x ७० | | |
| | | | | ४०००x५९) | | |
| | | | | (निर्माण सामाग्री खरिद ढुवानी) | | |
| | | जम्मा :- | | | ६६७८८४/- | |

४९ **उर्जा कोष**

जिल्ला विकास समिति, उदयपुर र वैधनाथ खोला लघु जल विधुत कार्य समूह भलायडाडा विच मिति २०६८।३।३० र खाडीखोला लघुजलविधुत कार्य समूह विच मिति ०६८।८।११ मा लघुजलविधुत परियोजनाको कार्यान्वयन सम्वन्धमा संझौता भएको पाइयो । उक्त संझौताको अनुच्छेद(३) मा समयावधि २०६९ अषाढ मसान्तमा अन्त्य हुनेछ भन्ने उल्लेख छ । संझौता अनुसार जिविसले आर्थिक सहयोग स्वरुप वैधनाथ खोला लघुजलविधुत लाई रु.१० लाख र खाडी खोला लघुजलविधुत लाई रु.१३ लाख २५ हजार भुक्तानी खर्च लेखेको पाइयो । दुवै लघुजलविधुत योजनाको कुल खर्च रकम रु.२३,२५०००/– को संझौता अवधि २०६९अषाढ मसान्त सम्म रहेकोमा लेखापरिक्षण अवधि २०६९।८।२१ सम्म म्याद थप र सम्पन्न गरेको पाइएन । यसरी संझौताको परिपालना नगर्दा उक्त खर्च रकमको दुरुपयोग हुनसक्ने सम्भावना हुन जान्छ । योजनाको स्थिति के कस्तो अवस्थामा छ सो को जानकारी समेत लेखापरिक्षणलाई प्राप्त हुन आएन । तसर्थः सम्वन्धित योजनाहरु समयमा नै सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

५० **केन्द्रिय कार्यक्रम तर्फ**

**पेश्की बाँकीको स्थिति :-** स्थानीय निकाय आ.प्र.नियमावली २०६४ को नियम १८२ र नियम १९० मा आर्थिक वर्षको अन्त्यमा फछ्र्यौट हुन बाँकी पेश्की फछ्र्यौट हुनुपर्ने उल्लेख छ । नेपाल सरकारको विनियोजन शीर्षक (केन्द्रिय बजेट) तर्फ विभिन्न बजेट उपशीर्षकमा निम्नानुसार कुल रु.१,६५,७४,७९७- आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट हुन बाँकी रहेको पाइयो । फछ्र्यौट हुन बाँकी पेश्की मध्ये १४ वटा बजेट शीर्षकमा ३० वटा व्यक्ति/संस्था/फर्मको रु.८३,५३,७९७- म्याद नाघेको र ५ वटा व्यक्ति/संस्था/फर्मको रु.८२,२१०००।- म्याद ननाघेको पेश्की रहेको पाईयो । म्याद नाघेको पेश्की फछ्र्यौट गर्न पर्याप्त तदारुकता नभएको कारण म्याद ननाघेको पेश्कीको सम्बन्धमा फछ्र्यौट हुन बाँकी म्याद रहेका कारण पेश्की बाँकी देखिएको छ । म्याद नाघेको पेश्की फछ्र्यौट नहुँदा नियमको पालना नहुने देखिन्छ । तसर्थ नियमानुसार निम्नानुसारको पेश्की फछ्र्यौट हुनुपर्ने रु.................................... १,६५,७४७९७/-

| सि. नं. | कार्यक्रम/व.शि.नं. | पेश्की बाँकी हुनेको नाम | प्रयोजन | म्याद नाघे/ननाघेको | फछ्र्यौट हुन बाँकी पेश्की | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | आर.ए.आई.डि.पी. ३६५८१४४ पुंजिगत | रमेशचन्द्र ढुङ्गाना | मुआब्जा वितरण | नाघेको | ४१०९००.० | |
| २ | आर.ए.आई.डि.पी. ३६५८१४४ पुंजिगत | अमिन मानपुर चौधरी | मुआब्जा वितरण | नाघेको | ३००००.० | |
| ३ | जनसहभागितामा | नदि नियन्त्रण कटारी | नदि नियन्त्रण | नाघेको | १५०.० | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | आधारित ३६५८१२३ चा. | ८ र ९ | | | | | | | | |
| | | ४ | क्रमागत सडक ३३१७०७४ पूँजिगत | गाविस रिस्कु | सडक निर्माण | नाघेको | ९६०००.० | | | | | |
| | | ५ | आदिवासी, चेपाङ्ग ३६५१०५३ चालु | पहारी जाती रुपाटार | तालिम कार्यक्रम | नाघेको | ६००००.० | | | | | |
